# धर्म चक्षु

वर्ष : १ | २०५३ कार्तिक | अङ्क : ३



21985

सम्पादक/प्रकाशक

**भिक्षु श्रद्धानन्द**

व्यवस्थापक

**रवि कायस्थ**

धर्मशीला बुद्ध विहार, पोखरा

Downloaded from http://www.dhamma.digital

# यसभित्र


| | | |
|---|---|---|
| १. | सम्पादकीय | |
| २. | बौध्द धर्म दर्शनको आकर्षण एवं सीमा | १ |
| ३. | बुध्द धर्मको विकास : आजको आवश्यकता | ५ |
| ४. | भिक्षु | ६ |
| ५. | शत्रू | ६ |
| ६. | तिमी करुणाका सागर हौ | ७ |
| ७. | बुध्द धर्मको बिकास : आजको आवश्यकता | ८ |
| ८. | गफगाफमा उठेका प्रशंगहरु | १२ |
| ९. | अछूतबाट उब्जेको शुध्द नेता डा. अम्वेडकर | १४ |
| १०. | शुभ-कामना | १८ |
| ११. | बौध्दहरुद्वारा चिन्ता व्यक्त | १९ |
| १२. | युवा बौध्द संघको पदस्थापन कार्यक्रम | २० |
| १३. | सुगन्ध विहार रिडी बजार | |
| १४. | बाग्लुङ्गमा धर्मचक्र प्रवर्तन दिवस | |



नमोतस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ।

**अहिंसा पर्व विजया दशमी २०५३ को**

**शुभ उपलक्ष्यमा सबै सत्व प्राणीहरू निरापद, निर्भय सुखी र शान्ति होऊन ! यही मंगल कामना ।**

**एलिगेन्स ट्रेडर्स**

**फ्लोरिङ्ग एण्ड फर्निसिङ्ग**

चिप्लेढुङ्गा, पोखरा

फोन नं. : २०७३७


Downloaded from http://www.dhamma.digital

# सम्पादकीय

## गुँला धर्म – मासोपसथ ब्रत

गुँला धर्म भनेको के हो ? गुँला ब्रत किन लिइन्छ ? गुँला ब्रत पालन कसरी गरिन्छ ? गुँला महिनामा उपवास बस्नाले के हुन्छ ? गुँला धर्म कहिले देखि शुरुवात हुन्छ ? यी प्रश्नहरू को उत्तर खोजेर बुझ्नु आवश्यक छ ।

बिशेष गरेर काठमाडौं उपत्यका भक्तपुर, ललितपुर र वाहिर जहाँ बौद्धहरु बसेका छन् । त्यहाँ बौद्धहरुले एक महिनासम्म गुंला धर्म ब्रत पालन गर्ने गरेका पाइन्छन् ।

'गुँला धर्म' आषाढ पूणिमाको दिन देखि जब बुद्ध धर्म अनुसार भिक्षुहरु विनय कर्म बमोजिम वर्षायाममा वर्षाबास बस्दछन् त्यसै अन्तंगत पन्ध्र दिन पछि औंसीको परेवा श्रावण शुक्ल गुंलाश्व देखि शुरु हुन्छ र भाद्र शुक्ल गुँलाश्वको परेवाका दिन समाप्त हुन्छ । यो गुँला धर्म बौद्ध गृहस्थहरूले एक महिना सम्म व्रतको रुपमा पालन गर्दै आईरहेको पाईन्छ । यो ब्रत कसरी पालन हुँदै आईरहेछ र यसको अर्थ के हो र किन गरिन्छ? भन्ने वारे 'श्रीकरुणाकर बैद्य'ले लेख्नु भएको 'Buddhist traditions & Culture of the Kathmandu valley नामक पुस्तकमा खुलस्त ब्याख्या गरिएको छ । यसमा वहाँले परम्पराको रुपमा कायम भइरहेको वर्णन गर्नुभएको छ । उहाँका अनुसार "मासोपोसथ" ब्रत भन्नाले 'मास-उपवास" अर्थात "नित्य" अलिकति पवित्र जल वाहेक सबै प्रकारको खाद्य वस्तुबाट अलग भई एक महिना भरि उपवास बस्ने अभ्यास भन्ने बुभिन्छ । र यो काठमाडौं उपत्यकाको कुनै विहारहरुमा विशेषतगा काठमाडौंमा स्वयम्भू तीर्थस्थानमा अथवा हिरण्य वर्ण महा विहार ललितपुरमा र ललितपुरको करीव ५ माइल दक्षिण बुङ्गमतीमा गुँलाको पूरा एक महिना सम्म जारि रहन्छ । तर यो लामो उपवासलाई स्थानीय जनताहरुले 'माये अपशे' भन्दछन् । जुन 'मासउपोसथको निमित्त साधारण भाषाको अभिव्यक्ति हो ।

यस्ता धेरै ऐच्छिक उपवासहरु वा 'ब्रतहरु' र 'अनुवर्ती मण' वा फलको ब्रतावदान माला भन्ने बौद्ध वाङमय वा लिपिमा पूर्ण रुपले वर्णन गरिएका छन् । लक्ष्य चैत्य ब्रतको काम मा अरु धेरै अतितका बुद्धहरुद्वारा र वर्तमान बुद्ध शाक्य मुनि बुद्धद्वारा उहाँको धर्मो देशको सिलसिलामा उपवासका गुणहरु उल्लेख गरिएका कुरा बताउनु भएको छ । काठमाडौं उपत्यकाका बौद्धहरूले 'मास उपोसथ' भन्ने एक दिन देखि महिना भरि लामो उपवासको अवधि मिलाएर कुनै अवधिको निमित्त युगौं पुरानो उपवासको परम्परालाई काठमाडौं, ललितपुर, भक्तपुर र चोभार जस्ता बाह्य शहरहरुमा कायमै राखेका छन् ।

Downloaded from http://www.dhamma.digital

**शास्त्रोक्त विधिहरू :–**

ग्रन्थकारले यहाँ हिरण्य वर्ण महा विहार ललितपुरमा अभ्यास गरिएको महिनाभर लामो उपवासको वर्णन गर्दछ । उहाँको अनुसार उपवासको पहिलो दिन अर्थात (जुलाइ, अगस्ट) मा यो महिना भरि लामो उपवासको भाकल वा संकल्प गर्न चाहने महिला हिरण्य वर्ण महा विहार ललितपुरमा बुद्धको पवित्र स्थानमा आउँछिन् र विहारका मुख्य पुरोहितबाट व्रतको प्रथम दीक्षा प्राप्त गर्छिन् र तव तिनीहरुलाई तीर्थस्थलको भित्र केही सुविधाजनक ठाउँमा एक बस्ने जगा दिइन्छ त्यसकारण तिनी घाम-पानीबाट सुरक्षित हुन्छिन् तिनीले सती सुत्न सानो बिच्छौना र कपासको ओढ्ने ल्याउछिन्। साधारणतया: यो मास अपर्शमा व्यक्तिहरु धेरै संख्यामा हुन सक्दछन् तर कहिले काहीं एक दुई जना मात्र हुन सक्छन्।

तिनीहरुले दैनिक स्नान गर्ने सफा लुगा लगाउने जसमा व्यक्तिगत स्वास्थ्यका कठोर नियमहरू पालन गर्नुपर्ने हुन्छ र कुकुर जस्ता अपवित्र जन्तुहरू छुन हुदैन । विहान तिनीहरु मन्दिर अगाडि पूजा गर्छन्, प्रार्थना गर्छन् र मन्दिर र चैत्यका वरिपरि परिक्रमा गर्छन् । जब मन्दिरमा मुख्य देवताहरुका दैनिक पूजा सकिन्छ, मन्दिरका मुख्य पुजारीबाट 'जल' भनेको केही शुद्ध पानी तिनीहरुलाई दिइन्छ । तिनीहरुले यो शुद्ध पानी सधैं ठूलो श्रद्धा र भक्ति साथ पिउँछन् र यस किसिमले तिनीहरूले मन्दिरको पुण्यस्थल वा धर्मस्थलमा पुरा एक महिना सम्म तिनीहरुका दिनहरु व्यतित गर्छन् ।

वास्तवमा त्यो काम एक कठीन काम भएता पनि तिनीहरुका गम्भीर विश्वास र भक्ति र वलियो (दृढ) विश्वास छ कि जसले त्यो व्यक्तिलाई यसलोकमा मात्र होइन परलोकमा पनि कठिन उपवासको फल पाउने निश्चित छ । हर्षसाथ र मनको सुख सन्तोष पूर्वक यो भर्को लाग्दो उपवास सहन तिनीहरु लाई मद्दत गर्छन् ।

उपवास समाप्ति (समापन) को दिनमा विशेष उत्सव हुन्छ । यसलाई माये अपर्शं थनेमु अथवा व्रत तोड्नु भन्दछन्, 'व्रत (बसेको) फुकाउनु अथवा व्रत तोड्नु भन्दछन् । व्रत पालनकर्ताका आदरणीय पारिवारिक जेठा पाकाहरू यस दिन सबै प्रकारका स्वादिष्ट खाद्य वस्तुहरू लिएर आउँछन् धर्मस्थलमा दर्शकहरुको ठूलो भीडको माझमा सानो उत्सव हुन्छ । जुन समयमा पुरोहितले एक शास्त्रोक्त विधि गर्दछ र परिवारको प्रमुखले तिनीलाई उसिनेको फुल, तारेको माछा र मिठाई भएको 'सगुन' भन्ने शुभ मंगल उपहार दिन्छ । तर उपवास पछि अति कमजोरीको कारणले यी कुनै ठोस आहारा लिन सतर्क हुन्छ र तिवले अलि कति दुध वा दही खान्छिन् अनि तिनीहरु मन्दिर बाट शिङ्गारिएको पाल्किमा बोकाएर तिनीहरुका घर लगिन्छन् । जहाँ तिनीहरूले सामान्य आहारा खान नसकुन्जेल सम्म विस्तारै तिनीहरुका आहार बढाउँदै दिइ स्याहार गरिन्छ ।

यो व्रतको एक विशेष लक्षण केही फूलहरु पानपात र सुपारीहरु भएको व्रतको प्रसाद नारायणहिटी राज दरवारमा राजालाई चढाउनु धेरै अघिदेखि भईरहेको परम्परा हो । यो एक उदाहरण हो जहाँ राजालाई मुख्य देवताको समकक्षमा राखेर सम्मान गरिन्छ र मान अथवा आदर गौरवको गहिरो विश्वासको उदाहरण प्रस्तुत गर्दछ वा (दिन्छ) जुन बौद्धजनले राजाको निमित्त अवलम्बन गर्दछन् ।

Downloaded from http://www.dhamma.digital

यसप्रकारको महिना दिन लामो व्रत बुङ्गमती शहरमा पनि महिलाहरुद्वारा अनुष्ठान गरिएका कुरा उल्लेख छन् । यो ललितपुर शहरको ५ मिल दक्षिणमा अवस्थित छ । जहाँ श्री करुणामय (रातो मच्छिन्द्रनाथ) को मन्दिर पर्दछ महिलाहरुले सदा झैं मर्यादाको क्रममा मन्दिरका ढोकामा आफ्ना ठाउँ लिन्छन् ।

उहाँले उपवासको महत्व बारे पनि प्रकाश पार्नु भएको छ । उहाँ भन्नुहुन्छ-यो टिप्न योग्य छ कि प्राचीन योगीहरु र भविष्य द्रष्टा सिद्ध हरुले सु-स्वास्थ्यको लागि र मनको शान्तिको लागि उपवासको मूल्य जाने । इतिहासका उदाहरणहरुले हामीलाई उदाहरण दिन्छन्, जब जिसस् क्राइष्ट महम्मद महाविर जैन गुरू जस्ता यस्ता विचारकहरु र प्रचारकहरुले आध्यात्मिक विकास निमित्त उपवासको आश्रय लिनु भयो । आधुनिक समयमा धेरै प्रसिद्ध प्राकृतिक विधिहरु धेरै वास्तविक कुरा हरु र पुस्तकहरुका साथ निस्केका छन्, जस्तो शारीरिक पीडाको निमित्त उपचारक साधनको रुपमा उपवासको विधिलाई सिफारिस गर्दछ । पश्चिमी लेखक एडिसन (सत्रौं शताब्दी) र भौतिक शास्त्री बेन्जामिन फ्रयङ्कलिनले भन्थे कि रोगको निवारणको लागि उपवास उत्तम साधन हो । भगवान शाक्यमुनि गौतम बुद्ध जो २५४० वर्ष अघि परलोक हुनुभयो भन्दा अघि पनि भगवान विपस्वी बुद्धको कालमा पनि मनको निस्तार वा मुक्तिको लागिजनताहरुलाई उपवास बस्न उपदेश दिन्थे । यस किसिमले ग्रन्थकारले काठमाडौं उपत्यका ललितपुर तथा बुङ्गमती र चोभारमा प्रचलित गुँला धर्मको वर्णन गर्नुभएको पाईन्छ ।

यस्तै नै दिवंगत पूज्य धर्मलोक महास्थवीर ले आफ्नो सानो पुस्तिकामा 'नाम रुप निरोध' को उत्तम विचारणीयमा नेपालमा परम्पराको रुपमा गुरु आचार्यहरुले पूजा विधिमा र उपोसथ व्रत पालनमा बोली र गराईमा फरक देखाएका र अर्थ नबुझाई अर्थको अनर्थ गरी जुनसुकै पूजामा उही एउटै वाक्य प्रयोग गर्नु बुद्ध धर्ममा विकृति आएकोगुनासो गर्नु भएको छ- " वाह्य पूजा गर्दा जुन ठाउंमा जुन देवता जुन पूजा गरेता पनि गुरु भई पूजा गर्ने आचार्य हुरुले वाक्यद्वारा गुरु मण्डल अध्ययन गरी 'गुरु बुद्ध, गुरु धर्म, गुरु संघ' भनी स्तोत्र पाठ गरी फेरी शून्यता 'श्री वज्रसत्व' को आह्वान गरी पञ्चोपचार पूजा रत्न मण्डल चढाई वज्रसत्व को अगाडि 'रत्न त्रयं मेशरणं' भनी त्रिरत्नको शरण गई पाप देशना पुण्यानुमोदन इत्यादि 'कृतोपवासं चरिष्यामि, आर्यास्टाङ्ग पोषधं' आर्य अष्टाङ्ग शील पालन गरी उपवास चला- उँछु भनी प्रार्थना गरी अन्त्यमा सर्व प्रकार जगतो हिताय, कुर्यात्मुजग्न सुखस हिताय' सर्व तर्फबाट जगतलाई हित गर्छु पछि आफ्नो आत्मालाई सुखसंग हित गर्छु भनो पढेको सुन्दा कति ठूलो महत्वपूर्ण विषयको छ । तर बाह्य पूजा हिंसादी कर्म गर्ने ठाउंमा पनि यही गुरु मण्डल पढी पूजा गर्नु भो कस्तो भएको कार्य हो ?

गुरु मण्डल पढेको भावना ठूलो महत्वपूर्ण छ । संसारको बन्धनबाट मुक्त भइ निर्माण पद क्रममा प्राप्त हुने भाव बुझिन्छ । यस्तो महानतम गुरु मण्डलको भावना गरी त्रिरत्नको शरणमा गई आर्यास्टाङ्ग उपोसथ शील पालना गरी आफ्नो स्वभाव शुद्ध गरी पूजा गर्ने गराउनु पर्नेमा वाक्यले मात्र स्वभाव शुद्धो सर्व धर्मा स्वभाव शुद्धोहं । भनेर पढो आनान्द

Downloaded from http://www.dhamma.digital

भई जुनसुकै ठाउँमा पनि यही गुरू मण्डल पढी पूजा गरी सकिएपछि गुरू मण्डलको भावना आर्यास्टाङ्ग उपोसथ शील पालन गर्नु त परै रहोस् पञ्चशील पनि रक्षा नगरी हिंसादी मांस मद्य खाइ पिई हिंड्नाले के यो गुरू आचार्यहरुले आफुले आफूलाई नै बञ्चरोले हानेको जस्तो भएन कि कसो ? भन्ने प्रश्न राख्नुभएको (पाईन्छ) छ ।

यस किसिमले नेपालमा गुंला धर्ममा उपोसथ व्रतपालन गर्ने प्रथा परम्पराको क्रममा चल्दै आइरहेको देखिन्छ । बौद्ध गृहस्थहरुमा एक महिना भरि नै स्वयम्भू, गम्वा, वुद्ध विहार र अनेक देव मन्दिरमा बाजा बजाइ पूजा गर्न जान्छन् र गुंला धर्मको साँग्य भएपछि फेरि अनेक भोज मद्य मांस शुरु गर्ने गर्दछन् । विशेष गरेर काठमाडौं, भक्तपुर ललितपुरका बौद्धहरु ले छोडिसकेको मद्य मांस फेरि खान शुरु गरेको देखिएका छन् । त्यसबाट के थाह हुन्छ भने नेपालका बौद्धहरु गुंला धर्मका जुन व्रत पालन गर्दछन् । त्यो गुण धर्म वृद्धि गर्न होइन कि परम्परालाई थामेको मात्र जस्तो बुझिन्छ । तर थेरवाद अनुसार भिक्षुहरु अरहत सम्मको कर्मस्थानको शिक्षा लिएर तीन महिना वर्षावास भरी बत्तीस कोट्ठास स्मरण गरी अभ्यास गरेर गुण धर्म वृद्धि गरी विमुक्ति प्राप्त गरेका कुरा त्रिपिटकमा उल्लेख गरेको पाइन्छ। त्यस्तै गृहस्थ उपासिका मातिक माताले तिनै भिक्षुबाट शिक्षा लिई बत्तीस कोट्ठासको स्मरण गरी उपोसथ व्रत पालन गरी अभ्यास गरेर मार्गफल प्राप्त गरेको कुरा त्रिपिटक बाट जान्न सकिन्छ । त्यसकारण हामी बौद्धहरुले जुन गुंला धर्मको व्रत पालन गर्दै आइरहेका छौं, त्यसलाई परम्परागत संस्कृति थामे रुपमा मात्र नलिईकन साच्चै नै मनुष्य जीवन सुखी तथा शान्ति बनाउन र विमुक्ति प्राप्त गर्न आवश्यक गुण धर्म बृद्धि गर्ने अभ्यास गर्न लकेमा वास्तविक गुंला धर्मको अर्थ प्रष्ट होला कि ! अस्तु !


नमो तस्स भगवतो अरहतो सम्मा सम्वुद्धस्स ।

**अहिंसा पर्व विजया दशमी २०५३ को**

**उपलक्ष्यमा मनुष्यहरुमा सत्पुरुष भाव जागोस यही मङ्गलमय**

**शुभ-कामना**

**कञ्चन आभूषण**
**मोहरियाटोल, पोखरा**
फोन : २१५४९


Downloaded from http://www.dhamma.digital

# बौद्ध धर्मको दर्शन आकर्षण एवं सीमा

**मोहन गुरुङ 'सापेक्ष'**
उप_प्राध्यापक, चि. शा. म. पोखरा

पृष्ठभूमि :–

मानव सभ्यताको प्रगतिको सन्दर्भमा कुरा गर्दा ५०००–६००० वर्ष अघिको काल महान् आविष्कार-हरूको काल थियो । जतिखेर खेती, नहर, बाँध ईट्टा, ताँमा, मुद्रा लिपि, धनुवाण र सौर्यवर्ष आदि जस्ता युगान्तकारी कुराहरुको मानवले पत्ता लगाएका थिए। यसपछि लगभग २०००-२४०० वर्षसम्म मानवमस्ती-ष्कले विश्राम लिन खोजे जस्तो देखिन्छ । यही अवधी मा मानव मनले कल्पनाको लोक (सपना) मा बढी विचरण गर्न पुग्छ र विभिन्न दर्शनहरूको उत्पत्ति हुन थाल्छ । पश्चिममा युनानीहरुले विश्वको मुक्त तत्व पत्ता लगाउन तिर चिन्तन गर्न थाले । यस क्रममा उनीहरुको प्रथम जिज्ञासा विश्वको मुक्त तत्व कसरी बन्यो भन्ने हुन्थ्यो न कि कस्ले बनायो । तर पूर्वका चार्वाक र बुद्धले वाहेक अरुले मूक्त तत्व कस्ले बना-यो ? त्यसको सृष्टिकर्ता र विधाता कुन थियो ? भन्ने प्रश्नमा बढी चिन्तन गरेको हामी पाउँछौं ।

पूर्वमा जतिखेर दर्शनको अभाव रहेको ब्राह्मण (हिन्दू) हरुको आ-आफ्नो कामना पूर्ति गराउने खालका देवताहरुको स्तुति (प्रार्थना) को रचना भै रहेको थियो र त्यसको लागि अनेक प्रकारका पशु-बली दिएर यज्ञ गराउनमा जोड दिइन्थ्यो । जैनहरु शरीर-लाई घोर कष्ट दिएर तपस्याको बखान गर्दै थिए । चार्वाकले ईश्वर छैन, आत्मा छैन, पूर्नजन्म र परलोक छैन भनी जीवनका भोगलाई त्याज्य हैन कि ग्राह्य बताउँदै थियो त्यतिवेला बुद्धले गहन चिन्तन गरी विश्वको सामू यस्ता गम्भीर विचार (दर्शन) दिए जसबाट भारतका ६ वटै (षटदर्शन) हरु प्रभावित छन् र तथागतको क्षणिक अनात्मवादको दार्शनिक चिन्तनधाराले नयाँ नयाँ अनुसन्धानलाई सधैं प्रेरित गर्दै रह्यो ।

## मौलिक दर्शनको स्थापना :–

आफ्ना पश्चिमी समकालीन ग्रीक दार्शनीकहरु जस्तै बुद्धले गर्जने बादल, बग्ने नदी, भौगोलिक परिवर्तन भैराख्ने पृथ्वीलाई देखेर विश्वलाई नित्य स्थिरको साटो अनित्य, क्षणिक, परिवर्तनशील, स्व-भावको बताए जुन आफ्नो गतिशीलताको कारणले नै स्वयं जीवन्त छ उसलाई कुनै सृष्टिकर्ता, संचालक चेतनशीलको आवश्यकता छैन ।

परम्परा देखि चल्दै आएको ब्राह्मण उपनिषद (वेद) आदिको मुक्त मान्यता संत-चिदं आनन्दको ठीक विपरीत अ-सत, अनित्य, प्रतित्य, समुत्पन्न अचित (अनात्म) अन आनन्द, (दु:ख) अनित्य, दु:ख अनात्मको दर्शनको स्थापना गरी धर्म-चक्र प्रवर्तन गरे यसको प्रतिक्रिया र प्रतिरोध स्वरुप पूर्वका वास्तविक अर्थमा दर्शनबारे चिन्तन मनन् शुरु हुन थाल्दछ ।

बुद्ध धर्म-दर्शनले जनसाधारणको साथै बौद्धिक समुदायलाई पनि समान रुपले आकर्षित गरेको छ ।

१) बुद्धले कुनै पनि ग्रन्थ (वेद वास्तविक कथन) लाई स्वत: प्रमाण र अन्तिम न मानी सधैं नयाँ नयाँ तथ्य प्राप्त भैरहने संभावना रहेकोले उर्वर मानव मस्तिष्कलाई चलखल गर्ने र प्रगति गर्ने ढोका खोलि-दिएर कुनै पनि अन्धविश्वास र रुढीलाई स्थान रहन दिएन ।

२) अनिश्वरवाद :– बुद्धले मानवको स्वतन्त्र अस्ति-त्वलाई मान्यता दिइ कुनै पनि कर्म गर्न मानवलाई छुट दिए र त्यसको जवाफदेही पनि मानवलाई नै

Downloaded from http://www.dhamma.digital

बनाए जसले गर्दा मानवलाई आफू कर्तबाट नियन्त्रित नभइ आफ्नै कर्मबाट राम्रो र नराम्रो कामबाट पापको भागी हुने चेतना भयो । र असल कामतिर लाग्ने प्रेरित भयो ।

३) अर्थहीन विवादलाई निरुत्साहित पार्ने :- बुद्धले दश अव्याकृतको माध्यमबाट मानिसलाई निरर्थक विवादबाट टाढा रहने बाटो देखाए। तथागतले काँडा बिझेपछि काँडा झिक्ने तिर ध्यान केन्द्रित गर्न उपदेश दिए न कि काँडा कसरी बिझ्यो भनि निरर्थक बहस गर्न आधुनिक चिकित्सा विज्ञानमा यसलाई Ideopethic treatment भनिन्छ जस्मा कुनै रोगको कारण थाहा नभएपनि Signl symptom (लक्षण) को आधारमा उपचार गरिन्छ ।

४) धर्मको नवीन व्याख्या :- बुद्धले 'धर्म' को परम्परागत, रुढीगत अर्थको सट्टा क्षण-क्षण परिवर्तन हुने घटना क्रम (Phenomera) को अर्थ लिए उनको धर्म-दर्शन यति युगान्तकारी थियो कि उनको व्याख्या लाई मूर्त रुप दिन तत्कालीन शब्दहरु पर्याप्त थिएन । तसर्थ उनले प्रतित्य समुहवाद, सत्काय जस्ता नयाँ नयाँ शब्द निर्माण (Coin) गरे भने धर्म जस्ता परम्परागत शब्दलाई नवीन अर्थमा प्रयोग गरे, प्रत्यय शब्दको पनि हेतु (कारण) को परम्परागत अर्थमा एकदमै भिन्न अघिल्लोको पूर्ण नाश र एकदमै भिन्न र नवीन तत्वको उत्पादको रुपमा लिनु भएको छ । जसलाई उनले (ये धर्मा हेतु प्रथम :) बाट व्यक्त गरेका छन । त्यस्तै पूनर्भव (पूनर्जन्म) शब्दको पनि अर्थ एउटा नित्य आत्माको एउटा शरीरबाट अर्को शरीरमा प्रवेश गर्ने परम्पराको साटो नाम र रुपले कर्मको कारणले गर्दा अर्को नाम र रूपको रुपमा पूनर्जन्म लिनु हो भनी व्याख्या गरे ।

५) आफ्नै अनुभव र बिबेकलाई प्रमाण मान्नु :- केसपुत्र गाउँका काकामहरुले बुद्धसँग कसरी कुनै मतलाई विश्वास गरी स्वीकार गर्ने भन्ने प्रश्न गर्दा बुद्धले कुनै पनि मत आफ्नो धर्मशास्त्र, आफ्नो गुरु आफ्नो परम्पराले भनेको आधारमा हैन कि स्वयं आफ्नै अनुभवले कुनै मत राम्रो दोषारहित र हितकारक ठहर भएमा मात्र स्वीकार गर्नु भनी उत्तर दिए ।

त्यस्तै रात्री भोजनबाट विरत हुने सन्दर्भमा अश्वजि पुनर्वसु भिक्षुहरुले आफूहरुले प्रात: मध्याह्न: मध्यानोत्तर भोजन गरेर पनि आरोग्य, उत्साह, बल सुखको अनुभव गरेको तर्क तेर्साउँदा बुद्धले भिक्षुहरुलाई भने भिक्षु हो ! मैले अरुले देखे-सुनेको कुरा गर्दिन म आफ्नै अनुभवको कुरा गर्दछु जसबाट मैले थाहा पाए कि रात्री भोजन न गर्दा आरोग्य, उत्साह, बल र सुखको अनुभव हुन्छ । तसर्थ तिमीहरुले पनि रात्री भोजन त्याग गर्दा आफ्नै अनुभवबाट आरोग्य, उत्साह, बल र सुखको अनुभव गर्ने छौं ।

## बुद्ध धर्म-दर्शनको सीमा :-

बुद्धको धर्म-दर्शन आफ्नो समय भन्दा धेरै अगाडि थियो जसले गर्दा तत्कालीन समाजका मानिसहरु लाई उनको धर्म-दर्शन पचन सकिरहेको थिएन । त्यसैले उनले दश कुरालाई अव्याकृत राखे किनभने ती कुरा "बालानामाँ त्रासजनकय" थियो अर्थात कुरा बुझ्न नसक्दा मानिसहरुलाई भयभीत गर्ने खालको थियो तर प्रतिभाशाली मानिसहरूले आफ्नो स्वविवेकीय विश्लेषणको आधारमा उचित र सही निष्कर्ष निकाल्न सक्दथे । आफ्नो अग्रगामी धर्म-दर्शनलाई तत्कालीन सामन्ती शासक वर्गको सहयोग हुन नसक्ने संभावनाले नै उनले आफ्नो विचारलाई शुरुमा प्रचार गर्न चाहेनन् ।

'दु:ख, अनित्य, अनात्म' यी तीन चरणभित्र बुद्धका सम्पूर्ण दर्शन समाहित छ - दु:खलाई साक्षात सामाजिक रूपमा देखेर पनि बुद्धले त्यसको जरा



Downloaded from http://www.dhamma.digital

समाजमा नहेरी व्यक्ति भित्र देखन पुगेर फलस्वरुप तृष्णालाई सामाजिक रुपबाट हैन कि व्यक्तिगत ढंगबाट समाधान गर्न सक्ने परिकल्पना गरे। वुद्धले संघलाई अति महत्व दिन्थे, व्यक्तिगत सम्पतिको दोषले गर्दा उनले संघभित्र त्यसको अनुमती दिएनन् (भिक्षु संघ भित्र उनले पूर्ण साम्यवादको स्थापना गर्न चाहे।) भिक्षुहरूलाई भिक्षापत्र -१, चिवर-३, सुई-१, केश दारी खौरिने अस्तुरा-१, कमर बन्द-१, जलछक्का-१ गरी जम्मा आठ वस्तु मात्र व्यक्तिगत सम्पतिको रुपमा राख्ने अनुमति थियो। बाँकी सबै संघको सामूहिक सम्पति हुन्थ्यो। आखिर किन यो व्यवस्था असफल भयो? यसको राम्रो चित्रण महापण्डित राहुल सांकृत्यायनले 'मानव समाज' मा गरेका छन् - वुद्धले सिमित क्षेत्र (भिक्षु संघ) मा साम्यवाद चलाउन चाहे तर त्यो चल्न सकेन। शताब्दी नबित्दै भिक्षुहरुमा व्यक्तिगत सम्पति बढ्न थाल्यो र आज त सांघिक सम्पति नाम मात्रको छ। यस साम्यवादको असफल हुने कारण थियो - एक त आर्थिक परिस्थितिहरुले त्यसबेलाको दासतायुक्त सामन्तवादी समाजलाई अगाडितिर विकसित गर्दै थियो। वुद्धको साम्यवाद- जुन उत्पादनको हैन कि वितरणको मात्र साम्यवाद थियो- त्यसको अनुकुल थिएन। बाँकी सारा समाज व्यक्तिवादी हुँदा त्यसको एउटा सानो भाग- भिक्षु भित्र संघवाद चल्न संभव थिएन।

दश अव्याकृत मध्ये लोक (संसार) को बारेमा सोधिएको प्रश्नमा वुद्धले भने भिक्षु हो! यस संसारको कुनै छेउ टुप्पा छैन। यसको पूर्व छेउको कुनै थाहा लाग्दैन। यस उत्तरले एकातिर तत्कालीन ज्ञानको यथार्थ अवस्थाको चित्रण गरी मानिसहरुलाई अनावश्यक रहस्यवाद र निरर्थक वाद-विवादबाट जोगाएको छ। भने अर्कोतिर जिज्ञासु मानवले आजको अज्ञात कुरालाई भोली ज्ञात बनाउने प्रकृया निरुत्साहित भएको छ।

वुद्धको धर्म-दर्शन अनात्मवादी, अमौलिकवादी हो। जस्ले गर्दा उसले एकातिर चारवटा महाभूतहरुबाट बिज्ञानको उत्पत्ति भएको कुरा पनि मान्दैन भने अर्कोतिर विज्ञानको उत्पत्ति कसरी भयो? भन्ने कुराको पनि व्याख्या दिँदैन। या कुरा यति अस्पष्ट छ कि कहिं संस्कारलाई बिज्ञानको जनक भनिएको छ। भने कहिं बिज्ञान लाई नै संस्कारको जनक मानिएको छ। (भदन्त, आनन्द, कौसल्यायन)

वुद्धले सामाजिक क्षेत्रमा तत्कालीन शासक वर्गलाई पच्ने गरी आफ्नो धर्म-दर्शनलाई नरम बनाई वर्ग समन्वयमा आधारित गरे। अन्यथा उनले साहू-महाजनले विरोध गर्दा -ऋणीलाई ५ वज्दा नदिनु, दास मालिकहरुको विरोध गर्दा दासहरुलाई ५ वज्दा नदिनु राजाको विरोध गर्दा- सैनिकलाई ५ वज्दा नदिनु भन्ने जस्ता उपदेश दिने थिएनन्। वुद्धले वर्णव्यवस्थाको विरोध गरे तापनि वर्णानुक्रममा क्षेत्रियलाई ब्राह्मण भन्दा माथि दर्जा दिए अरु वर्णलाई यथाक्रममा राखे। उनले यस जाति व्यवस्थालाई उर्ध्वाकार (Vertical) को साटो समानान्तर (Horizontol) पनि राख्न सक्थे।

तथागतको पूनर्जन्म (पूनर्भव) र कर्मको सिद्धान्तले परोक्ष रुपले मानिसलाई भाग्यवादी र शोषित पिडित जनतालाई शासक वर्गसंग विद्रोह नगरी यथास्थिति प्रति सहनशील हुन प्रेरित गऱ्यो।

## प्रतित्य समुत्पादको शिक्षा :-

वुद्धले संसारमा देखिने दु:खको कारण स्पष्ट रुपले देखे तापनि तत्कालीन अवस्थामा त्यो हटाउन संभव नठानी आफ्नो धर्म-दर्शनको अलौकिक र आध्यात्मिक व्याख्या गरे तापनि विश्वलाई तिर्न नसकिने एउटा गुण लगाएका छन्। त्यो हो-भिक्षु हो! मैले डुंगा जस्तो गरी पारी पुग्नको लागि तिमीहरुलाई



Downloaded from http://www.dhamma.digital

धर्मको उपदेश गर्दछु न कि डुंगाले मलाई पारी तार्‍यो भनी उपकार मानी बोकी हिड्न र समाती राख्नको लागि ।

बुद्धले हरेक वस्तुलाई अनित्य मान्छन् । हरेक चीज क्षण-क्षण बदली रहेको छ । बरू यो भन्नु उपयुक्त हुन्छ कि जुन कुरा क्षण-क्षणमा बदली रहेको छैन त्यो यो संसारमा छँदै छैन । त्यो केवल कल्पना मात्र मिथ्या भ्रम हो । अनात्मवाद, अनिश्वरवाद, ग्रन्थ अप्रामाण्यवाद यी सबैले मानिसको मानसिक बन्धन खोलिदन्छन् । यी सब हुंदा हुँदै पनि बौद्ध धर्म-दर्शनले त्यो काम गर्न सक्दैन । जुन मार्क्सको शिक्षाले गर्न सक्छ । मार्क्सलाई संसार र उनका वस्तुहरुलाई व्याख्यामात्र गर्नु थिएन । बरु त्यसलाई परिवर्तित गर्नु थियो । परिवर्तन वा क्षणिकवादलाई बौद्धले पनि मान्छन् तर मानवले आफ्नो इच्छाले वस्तुस्थितिलाई आफ्नो अनुकुल बदलनमा समर्थ मार्क्सले बताएको शिक्षा वा बाटोबाट मात्र संभव हुन सक्यो (राहुल सांकृत्यायन- मेरो जीवन यात्रा_४)

पुरानो बौद्ध धर्म दर्शनले रुप (भौमिक तत्व) र विज्ञानलाई द्वैतवादी ढंगबाट समान महत्व दिएको छ । बौद्ध दार्शनिक म सँग कसै गरी ग्रीक दार्शनिक प्लेटोको अद्वैत विज्ञान तत्वका सम्पर्कमा आउछन् र त्यसलाई बौद्ध धर्म_दर्शनको क्षणिकवादसँग मिसाएर योगाचार दर्शनको स्थापना गर्दछ र विश्वको मूल तत्व विज्ञानलाई मान्दछन् । ठीक त्यसरी नै विज्ञानलाई मूल तत्व मानेका थिए । बौद्ध विज्ञानवादले पनि हेगेलको विज्ञानवाद जस्तै शिर्षासन गर्दै थियो । मार्क्सले नै जसरी हेगेललाई शिर्षासनको सोमतबाट मूल गर्‍यो । मूल तत्व विज्ञान हैन कि भौतिक तत्व हो । त्यसैबाट रंग जस्तो विज्ञानको पनि उत्पत्ति भयो र संसारका हरेक वस्तुको पनि ।

---

**संसारमा जति पनि धर्मका संस्थापकहरु भए तिनीहरु मध्ये भगवान बुद्धलाई नै त्यो गौरव प्राप्त छ । जसले मानिसमा मूलतः विद्यमान शक्तिलाई चिन्यो जसले बाह्य निर्भरता विना मोक्ष पथतिर अग्रसर पराउन सक्छ ।**

**प्रो० डेविट गोडर्ड**

---



Downloaded from http://www.dhamma.digital

# बुद्धधर्मको बिकास : आजको आबश्यकता
## विषयक एक दिने गोष्ठी

युवा बौद्ध संघ पोखराको नव निर्वाचित कार्य-समितिले यस वर्षको पहिलो कार्यक्रमको रुपमा भाद्र १५ गते "बुद्ध धर्मको बिकास: आजको आवश्यकता" विषयक एक दिने गोष्ठी भव्यताका साथ सम्पन्न गऱ्यो। बिभिन्न विहार, गुम्बा, चैत्यसंग सम्बन्धित १५ वटा संस्थाका प्रतिनिधिहरु सहभागी रहेको सो गोष्ठी युवा बौद्ध संघका नव निर्वाचित अध्यक्ष उतममान वुद्धाचार्यको सभापतित्वमा संचालन भएको थियो। गोष्ठीका संचालक मुक्तिश्वर मल्लले सहभागी सबैको परिचय गराउनु भएपछि डा. गहेन्द्रमान उदास पोखरेलीले बुद्ध धर्मको विकास : आजको आवश्यकता विषयमा कार्य पत्र पढेर सुनाउनु भएको थियो। कार्य-पत्रमा उहाँले बुद्ध धर्मको विकास भन्नाले बुद्धले प्रतिपादन गर्नु भएको जुन धर्म छ त्यसमा कुनै थपघट गर्न भन्न खोजिएको होइन। २५०० वर्षको लामो समयको अन्तराल, अन्य धर्म-सँगको प्रतिस्पर्धा, राजनैतिक प्रभाव, व्यक्तिगत स्वार्थ आदि इत्यादि कारणहरुले गर्दा बुद्ध धर्ममा जुन नराम्रा तत्वहरुले प्रश्रय पाइरहेको छ त्यसलाई बिस्तारै हटाउदै शुद्ध बुद्ध धर्मलाई समाजमा परिचित गराउनु पर्ने कुरालाई बुद्ध धर्मको बिकास भन्न खोजिएको हो भनी प्रष्ट पार्नुभयो।

त्यसपछि क्रमश : प्रकाशमान गुभाजू र मोहन गुरुङ्गले कार्य-पत्रका विभिन्न बुंदाहरू माथि टिप्पणी गर्नु भएको थियो। सहभागीहरू मध्येबाट धनप्रसाद तामाङ (तामाङ घेलुङ कास्की), लोकबहादुर थापा मगर (नेपाल मगर संघ), गोविन्द ताम्राकार (मैत्री चैत्य), प्रितम वुद्धाचार्य, कृष्णमान गुभाजू, छत्रलाल कायस्थ, (दायक सभा) बिक्रम उदासले कार्य-पत्र प्रस्तुतकर्ता (युवा बौद्ध सङ्घ) तथा टिप्पणीकारहरुलाई प्रश्न गर्नुभएको थियो। त्यसपछि कार्य-पत्र प्रस्तुतकर्ता तथा टिप्पणीकारहरुले सहभागीहरुको प्रश्नहरुको जवाफ दिनुभएको थियो। लगभग ५ घण्टासम्म चलेको सो गोष्ठी निकै उत्साह-प्रद रहेको थियो।

बुद्ध धर्म तथा दर्शन सम्बन्धी बिभिन्न विषय-हरुमा समय समयमा यस्ता गोष्ठी आयोजना गरिएमा बुद्ध धर्मको प्रचार प्रसारमा लागेका बिभिन्न विहार, गुम्बा, संघ संस्थाहरुको बीचमा समन्वयको वातावरण कायम राख्न मद्दत मिल्ने कुरामा गोष्ठीका सहभागीहरु आशावादी देखिन्थे।

—बिक्रम वुद्धाचार्य

---

**धर्म निरपेक्षको अर्थ धर्म नमान्नु होइन राज्यले एउटा धर्मको मात्र पक्ष नलिनु हो। किनभने राज्यको लागि सबै धर्म समान हुन्छ।**

**—भिक्षु अमृतानन्द**



Downloaded from http://www.dhamma.digital

# भिक्षु

–प्राणपुत्र

धरान–५३

केश दाह्री मुण्डन पात्र चीवर धारी
अल्पेक्षी इन्द्रीय संयमी परिवारहीन गृह त्यागी
धर्मप्रचार चारिका गर्दै जीवन बिताउने
अन्धोलाई आँखा दिने बुद्ध पुत्र हौ तिमी

चमचम चम्किने खुकुरी जस्तै
प्रज्ञा तिम्रो तिख्खा
गड्गडाउने बिजुली जस्तै
स्मृति तिम्रो सूक्ष्म

चार आर्य सत्य बुझ्ने धीर हौ तिमी
अस्टाङ्गिक मार्गमा हिड्ने वीर हौ तिमी

सरररर बहने हावा जस्तै
करुणा तिम्रो शीतल
अटस मटस हुने पर्वत जस्तै
श्रद्धा तिम्रो अटल

अनाशक्त समाजसेवी त्यागी हौ तिमी
कर्मफलको मर्मज्ञ योगी हौ तिमी

सललल बग्ने नदी जस्तै
वीर्य तिम्रो गतिमान
दनदन बल्ने आगो जस्तै
समाधि तिम्रो निर्विकार

पारमिता पूरा गर्ने पुरुषार्थी हौ तिमी
संघ सदस्य जन्माउने मातृ शक्ति हौ तिमी

# शत्रू

–प्राणपुत्र

धरान–५३

ज्ञानरहित अन्ध विश्वास
कति भयन्कर हुँदो रहेछ
असत्यलाई सत्य सम्झँदा
मानव अमानव बन्दो रहेछ

कस्तो यो अहंकार
ढोंगी अस्तित्व बनाउने
गल्ति स्वीकार्न नसक्दा
उजाडियो अमूल्य मित्रता

हाय यो आलस्य पनि
मेहनत गर्न नसक्ने
भोली गरूंला भन्दै
गुम्यो कति सुवर्ण अवसर

धिक्कार छ मात्सर्यलाई
आफै मात्र नाम कमाउने
पराया सम्प्रिने डरले
सुधारिएन कर्मैलाई पनि

बेकार भन यो ईर्ष्या
पर प्रगति हेर्न नसक्ने
डाहको आगोमा जल्दै
खरानी भयो सुन्दर जीवन



Downloaded from http://www.dhamma.digital

# तिमी करुणाका सागर हौ

—सुवर्ण बज्राचार्य

तिमी करुणाका सागर हौ
तिमी प्यारका मन्दिर हौ ।
दीन हीन भै तड्पिरहेका
प्राणीका ढुकढुकी हौ ।

तिम्रो खोजले दीन दु:खीको
मोक्षको बाटो खुलायौ ।
बाटो भुलेर भट्केकाहरुलाई
सच्चा मार्ग देखायौ ।
हिंसा अशान्ति त्यागेर तिमीले
शान्ति सुमार्ग दिलायौ ।

पंचशीलको मन्त्र सिकाइ
जीवन सत्य बुझायौ ।
मैत्री प्रेमको श्रुति सुनाई
मानव धर्म बिनायौ ।
व्यभिचारको कुहिरो फुटाई
ज्ञानको दीप जलायौ ।

सदाचारले बाँच्न जगतमा
मानवतालाई अंगाली ।
समता धर्मको पाठ पढाई
कर्मको मर्म सिकायौ ।
धर्तीको दु:ख दुर गराउन
सत्यको बोली सुनायौ ।


Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्मको विकास : आजको आश्यकता

– डा. गेहेन्द्रमान उदास पोखरेली

(धर्मशीला बुद्ध विहार स्थित युवा बौद्ध सङ्घद्वारा भाद्र १५ गते थकाली समाजमा आयोजित बुद्ध बुद्धधर्मको विकास र आजको आवश्यकता विषयक गोष्ठीमा प्रस्तुत कार्यपत्र)

**विषय प्रवेश :**

आज बुद्ध धर्मको विकासको कुरा गर्दा जनमानसमा बुद्धधर्म आज भोली जन्मेको धर्म हो र यसलाई विकास गर्नु पर्छ भन्ने भ्रम पर्न सक्छ। तर यथार्थमा त्यस्तो होइन। बुद्ध धर्म खास गरी सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरेर प्रतिपादन गरेको बुद्ध धर्म, जन्मेदेखि नै हुने विरुवाको चिल्ला पात भने जस्तै पूर्णताको रूप समाहित भएर प्रादुर्भाव भएको धर्म हो। यसको विकास क्रम भगवान बुद्धको समयमा नै पूर्ण रूपले विकसित पनि भएको थियो। तर आज आएर फेरि बुद्ध धर्मको कुरा गर्नु परिरहेको छ किन ? के कारण छ र बुद्ध धर्मको विकासको कुरा गर्नु परेको हो ? यही कुराको जवाफ पाउनु नै यो लेखको प्रयत्न रहेको छ।

**बुद्धधर्मको पृष्ठभूमि :**

उत्तर वैदिक काल (आजभन्दा १५००–१६०० वर्ष अघि) देखि वैदिक धर्ममा विकृत रूप घुसेपछि समाजमा–जातभातको अमानुषिक कुरा, धर्मको नाममा क्रूर एवं रक्तपात पूर्ण बलिपूजा र आडम्बरपूर्ण होम, यज्ञ र मूर्ति–पूजा जस्ता अन्धविश्वास, हारजितको जीवन शैली तथा जन्मेदेखि कोही शासित हुन र कोही शासक हुन आएका हुन् भन्ने विश्वास एवं निरङ्कुश र अधिनायकवादी पुरोहितपन्थी सांस्कृति आदि अवास्तविक विश्वास र धारणाले समाजलाई जर्जर बनाएको वेलामा बुद्ध धर्मको प्रादुर्भाव भएको थियो। त्यसवेला समाज मानसिक र बौद्धिक विकासबाट बञ्चित रहन गई पशु समान भएका थिए भने, अर्कोतिर समाजलाई शासन गर्ने, गाउँ–घरका सामन्तहरू देशका राजा रजौटाहरू र धर्माधिकारी पुरोहितहरु पनि भावनाहिन्, विवेकहिन्, ज्ञानहिन् पशु चराउने गोठालो मात्र रहन गएको सामाजिक, राजनीतिक र धार्मिक परिस्थितिमा बुद्ध धर्मको उदय भएको थियो।

माथि उल्लेखित अवास्तविक विश्वास, सोचाई र संस्कारयुक्त जीवन शैलीमा बुद्धत्व द्वारा चैतन्य ज्ञान र दर्शनको महत्व र जिज्ञासा अभिवृद्धि गर्न, अधिनायकवाद र निरङ्कुश पुरोहितपन्थी मतमा सुधार ल्याएर बौद्धिक योग्यता जगाउन तथा मनमस्तिष्क र शरीर–द्वारा भइरहेको तृष्णामय हिंसाभाव र संस्कार–लाई हटाउन र उदारभाव प्रतिष्ठापित गर्न, बलिपूजा र मूर्ति-पूजा जस्ता अन्धविश्वास र आडम्बरलाई परिमार्जित गर्न हारजीतको परम्परागत जीवन दर्शनको संस्कारमा सम्झौता र समानताको संस्कार प्रतिष्ठापित गर्न : र यो सबै माध्यमबाट अन्ततोगत्वा समाजमा शाश्वत शान्तिको वातावरण विकास गर्ने र कायम राख्ने उद्देश्यले त्यस वेला बुद्ध धर्मको प्रादुर्भाव भएको थियो भन्ने कुरा स्पष्ट हुन आउछ। त्यसवेला संसारका अन्य भागमा



Downloaded from http://www.dhamma.digital

जस्तै तिब्बत, चीन, भुटान जस्ता भू-भाग र नेपालमा पनि यहाँका आदिवासीहरुले, अझै सम्मपनि दर्शन र सिद्धान्तबाट रहेको स्थानीय वा प्राकृतिक धर्म एवं सांस्कृतिक विकास गर्दै थिए। यस्तो समयमा खासगरी भारतीय महाद्वीपमा धर्मको नाममा विकृति आइरहेको विसङ्गतमय समाज, संस्कार र सोचाईलाई सुधार गरेर, हारजीतले होइन – सम्झौताले युद्ध र झगड ले होइन-मित्रताले, थिचोमिचोले होइन – न्यायले, असहिष्णुताले होइन– सहिष्णुताले सह अस्तित्वपूर्ण जीवन यापन गरियो भने शाश्वत शान्ति समाजमा फैलिन्छ र व्यक्तिले पनि सन्तुष्टिको जीवन जीउन पाउँछ भन्ने त्यसबेलासम्मको नवीनतम धर्म दर्शन गर्न इ० पू० छैठौं शताब्दिमा बुद्धधर्मको उदय भयो ।

**आजको सन्दर्भ :–**

आज त्यही बुद्ध धर्मलाई अन्धकारमा आएको अन्धविश्वास, आडम्बर, अलौकिक विश्वासलाई मिश्र्याएर र विशुद्ध बुद्धधर्मको वैज्ञानिक विश्वास र मानविय सामाजिक यथार्थतालाई बाटोबाट विमुख पारेर हिंडाएको हुनाले फेरि बुद्धधर्मको विकास वा पुनर्स्थापना-को कुरा गर्नुपरेको छ। स्मरणीय छ बुद्धधर्मको प्रभाव भारतमा छँदासम्म अर्थात इ० पू० पाँचौं शताब्दिदेखि तेह्रौं शताब्दिसम्म, देशहरु-को बीचमा र वंश (परिवार) मा न त रामायण र महाभारतको जस्तो युद्ध र रक्तपात भयो न समाजमा नै मै खाउँ मै लाउँ अरू सब मरून दुर्बलहरू नै भन्ने व्यक्तिवादी विचारले समाजलाई आक्रान्त पार्‍यो यसबाट स्पष्ट हुन्छ बुद्ध धर्मको विशुद्ध स्वरुप सामाजिक बात बर-णमा छायो भने स्वत: शाश्वत शान्ति फैलिन्छ। तर त्यसो नभईकन शङ्कराचार्यको आगमन र बुद्ध धर्मप्रति उनले गरेको आक्रमणले गर्दा भारतीय महाद्विपमा पुन : वैदिक धर्मको विकृतिको रुप हामी हुन थाल्यौं । त्यसमाथि बुद्ध धर्म हिनयान, महायान र त्यसभित्र पनि अन्य शाखा-प्रशाखाहरु विकास भएर नेतृत्वका विगविगी हुन थाले पछि गौतम बुद्धको विशुद्ध बुद्ध दर्शन र व्यवहारलाई मतैक्य पारेर नेतृत्व दिने निकायको अभाव हुन गयो भने वैदिक धर्ममा फैलिएको विकृति-आडम्बरलाई पनि बुद्ध धर्मावलम्वीले भित्राउन थाले । यो यथार्थतालाई बोध गर्नु पर्ने स्थितिलाई सबै बुद्ध धर्मावलम्वीले आत्मसात गर्नु पर्ने सन्दर्भमा र बुध्द धर्मको विकासको कुरामा यो एउटा प्रमुख पक्ष हुनु परेको छ ।

संसारका धेरैजसो धर्महरूले विगतमा र सायद आज पनि शान्ति स्थापनाका लागि लडाइ युद्ध आदि रक्तपात पनि गर्नु पर्दछ भन्ने विश्वास राखेको पाइन्छ। तर बुध्द धर्मले यस्तो विश्वासलाई असत्य मान्दछ। किनभने वैरले वैर शान्त हुँदैन भन्ने भगवान बुध्दको देशना छ, र यसको तात्पर्य यस्तो वैर सन्तान दरसन्तानसम्म फैलिंदै जाने हुन्छ, यद्यपी केही समयको लागि शान्ति स्थापना भएको किन नहोस्। त्यसैले खास बौध्द वा बुध्दधर्मावलम्वीहरुले जहिले पनि न्याय र मित्रतामा आधारित सम्झौताको कुरा गरिरहेका हुन्छन्। यस्तो सम्झौताले अनन्त भविष्यसम्म लम्विदै जाने वैरलाई वर्तमान मै टुङ्ग्याइदिन्छ। बुध्द धर्म दर्शनका प्रतिपादक सिध्दार्थ गौतमको महाभि-निष्क्रमणको घटना यही तथ्यमा अर्थात युध्द



Downloaded from http://www.dhamma.digital

नगर्ने अडानमा आधारित भएको देखिन्छ ।

**प्रमुख सुझाव :–**

समाजमा ठूलाठालुको हुकम र अधिनायकत्व चल्ने सामन्ति युग एक देशले अर्को देशलाई जितेर सिमाना बढाउने उपनिवेशवादी साम्राज्यवाद युग र सीतगुध्दको जातोमा पिनेर जनतालाई वलिको बोका बनाउने राजनीतिक ध्रुविकरणको युगलाई पार गरेर जनतालाई सार्वभौम सत्ताको मालिक बनाउने लोकतान्त्रिक जनतान्त्रिक युगमा शाश्वत शान्ति स्थापना गरेर सामाजिक, आर्थिक, भौतिक उन्नति गराउन प्रत्येक व्यक्तिदेखि सम्पूर्ण समाजमा अन्तर आत्माको विकास गर्न विशुध्द वुध्द धर्मको दर्शन, सिध्दान्त र व्यवहार आजको राज्य चलाउन मात्र होइन जनताको जीवन चलाउन पनि आवश्यक भएको छ । यस सन्दर्भभित्र वुध्द धर्मका विशुध्द नियमहरु पञ्चशील अष्टशील र मध्यम मार्ग जस्ता मार्ग दर्शनहरूको महत्व बढेको छ । यी दर्शनहरुमा आधारित महत्वपूर्ण तथ्य वा सारहरु उदाहरणको लागि निम्न अनुसार टिपिएको छ । यी तथ्य वा सारहरू आजको पारिवारिक समाज र विश्व समाजको लागि ग्राह्य हुनुपर्ने देखिन्छ।

१) समानता र स्वतन्त्रताको कुरा :– स्वतन्त्रता सबैको जन्मसिध्द अधिकार हो। भगवान वुध्दले व्यक्तिगत र वौध्दिक स्वतन्त्रताको कुरालाई सर्वोपरी राखेका छन् । वुध्द शब्द र वौध्दिक शब्द आपसमा एउटै अर्थका अभिव्यञ्जक हुन । अत: वुध्द धर्ममा स्वतन्त्र चिन्तन र जीवन शैलोको ठूलो महत्व छ जुन कुरा आजको लोकतान्त्रिक युगको माग हो ।

तर स्वतन्त्रतालाई मर्यादा भित्र राख्ने समानताको कुरा पनि व्यक्तिको महत्वपूर्ण रूपले एक सिक्काका दुई अनुहार जस्तै यथार्थ भएको छ । अर्थात आफ्नो स्वतन्त्रताको उपयोग गर्दा सामाजिक सह-अस्तित्व र समानतालाई विथोल्न भने पाइँदैन । वुध्द धर्ममा सामाजिक न्यायको लागि व्यक्तिले आफ्नो स्वतन्त्रतालाई बलिदान पनि दिनु पर्छ भन्ने सकेत (निर्देशन) एकातिर छ भने समाजले पनि व्यक्तिमाथि अन्याय गर्न र शासनको जोर जुलुम गर्न नपाउने र बरु अवस्था हेरी संघले व्यक्तिलाई सहयोग दिनु पर्ने मार्मिक निर्देशन पनि दिएको छ ।

२) मध्यम मार्गको कुरा :– व्यक्तिको खानपीनदेखि लिएर समाजको सोंचाई र व्यवहारलाई मध्यममार्गको निर्देशनद्वारा व्यवहृत गर्नु पर्ने तथ्य यहाँ देखिन्छ । उचित खाना उचित व्यायम, उचित सोचाइ आदि जीवनका विभिन्न पक्षमा उचित अर्थात विवेक वुद्धि प्रयोग गर्नु भन्ने मध्यममार्गको मर्म हो ।

३) खुला समाज र जनतन्त्र :– वुध्द धर्ममा "संघं शरणं गच्छामि" भनी मार्ग निर्देशन गरेपनि समाज वा संघ सबैको लागि पारदर्शी वा खुला हुनुपर्ने कुरामा जोड दिइएको छ । जातभात (वर्णव्यवस्था) को समाज जस्तो संकुचित र आजको राजनीतिक समाज जस्तो सामाजिक जीवनलाई ल्याएर राजनीतिक पूर्वाग्रहलाई समातिराख्ने मनमस्तिष्क नकरात्मक उदाहरण हो । यसलाई पारदर्शी समाज भन्न सकिन्न । अत: यस्ता संकुचित सोंचाई र पूर्वाग्रह बाट मुक्त पारेर सामाजिक एकता र अखण्डता कायम गर्न खुला समाजको आवश्यकता हुन्छ । यस्तो समाजमा जनतान्त्रिक संस्कार विकास हुदै जान्छ ।



Downloaded from http://www.dhamma.digital

४) मैत्री र सम्झौता :- व्यक्ति व्यक्तिको बीचमा होस वा राष्ट्रहरुको बीचमा होस आक्रमण र हस्तक्षेपको भावनाले शाश्वत शान्तिलाई प्रतिष्ठापित हुन दिदैन। अतः त्यस्तो आक्रमणको ठाउँमा अनाक्रमण र हस्तक्षेपको ठाउँमा अहस्तक्षेप जीवनशैली विकास हुन गयो भने शाश्वत शान्तिको प्रतिष्ठापन स्वभावत हुन जान्छ। यसमा तदनुरूपको सामाजिक वातावरण आवश्यक पर्छ र त्यस्तो सामाजिक वातावरण निर्माण र विकास गर्न बराबरीमा आधारित मित्रता र हार पनि नभएको जीत पनि नभए सम्झौता प्राप्त गर्न मानसिकताले मात्र सक्छ। यस्तो धारणा र अभ्यस्तता विभिन्न बौध्दशील र धर्मदेशनाले मनुष्यको मनमा सम्प्रेषण गर्छ।

**उपसंहार :-**

शाश्वत शान्तिलाई स्थापना गर्न र कायम राख्नु यस्ता धेरै- धेरै आधारभूत तथ्यहरु वुध्द धर्ममा पाइन्छन्। तर हिन्दू धर्ममा आजसम्म पनि फैलिरहेको विकृतिपूर्ण आडम्बर र अन्ध विश्वासको नक्कल नै गरेर धेरै बौध्दहरुले वुध्द धर्मलाई अपनाएकोले, हुन सक्छ वुध्द धर्मका प्रवर्तक र एसियाको ज्योति भनि प्रख्यात भएका भगवान वुध्दको ज्योतिमा ग्रहण लागेको छ, जसले गर्दा गौतम वुध्दको शाश्वत शान्तिको ज्योति नेपालले प्राप्त गर्न सकेको छैन भनेमा अत्युक्ति नहोला। यतातिर बाल समाज युवा समाज र व्यस्क समाज र सबै उमेरका बौध्दहरुले गम्भीरता पूर्वक सोच्नु पर्ने स्थिति आइसकेको छ। यसलाई गम्भीरतापूर्वक सोच्न सम्झन र बुझ्न सकिएन भने विश्व बौध्द समाजसँग नेपालको बौध्द समाजको परिचय फरक भएर जाने मात्र होइन कि भगवान वुध्दको जन्मभूमिको नामले आइरहेको अन्तरराष्ट्रिय सहयोगको सबै किसिमको फाइदा अरूले नै लिनेछ र नेपालका बौध्दहरु पहिले जस्तै जिल्लिएर बस्ने बाहेक अरु केही गर्न सक्ने हुने छैन।

**' सधैं सबैले प्रशंसा गर्ने वा निन्दा गर्ने व्यक्ति पहिले थिएन, आज पनि छैन, पछि पनि हुने छैन।"**

**—भगवान वुद्ध**

Downloaded from http://www.dhamma.digital

# गफगाफमा उठेका प्रशंगहरु

**–विश्व शाक्य**

गत शनिवार युवा बौद्ध संघको प्रथम पदस्थापन समारोहमा खिचिएको फोटो हेर्दै थिए। मेरी बुढी (श्रीमती) आईपुगिन। मैले हेरिसकेपछि उनलाई सबै फोटो दिएँ। उनले २/४ वटा फोटो के हेरेकी थिई एउटा फोटो मतिर अगाडि सार्दै देखाउदै भनी – "सबैले हात जोडेका छन्। यो एकजनाले मात्र हात जोडेको छैन।"

फोटो हेरेपछि सहज रूपमा भनें– उसले मात्र होइन धेरैले हात जोडेको थिएन। म आफैंले पनि हात जोडेको थिइन। उनले केही पनि प्रतिक्रिया जनाइन 'फेरि पनि' मात्र भनेर उनी चूप लागिन

बेलुकी पख दुकान बन्द गर्दै थियो। जीवन, नीलकण्ठ भाई आईपुग्यो। सन्देश कैमराहरू झोलामा मिलाउदै थियो युवा बौद्ध संघको पदस्थापन कार्यक्रम बारे फेरि कुरा उब्ज्यो। कुरा कहांबाट उब्ज्यो। यकिन भएन कुरा उब्के पछि उद्घोषकदेखि शुभेच्छा मन्तव्य प्रकट गर्नेहरूदेखि अशोक र पोखरा उप-महा नगर पालिकाका मेयर भोला थापा थकाली समाज भवनको कम्पाउण्ड भित्रको चिप्लो बाटोमा चिप्लिएर लडेको कुरा सम्म उठ्यो। मेरै अगाडि मेयर पछ्‍ारिएको देख्दा मलाई त हाँसु कि त्यहाँबाट भागुँ जस्तो सारै अप्ठेरो पर्‍यो भन्न कुरा हाँस्दै संदेशले भन्यो। मोटरसाइकल चिप्लिएर अशोक (पो. उ. बा संघको अध्यक्ष) नराम्रोसंग पच्छारिएको कुरा नीलकण्ठ भाईले भन्यो। कार्यक्रम शुरू हुनु अगाडि अशोकले दाहिने हातको कुइना तल पुरै छाला नर्केको भाग देखाएको पनि थियो।

कुराको शिलशीला यसरी नै सिङ्ग न पुच्छरसंग चल्दा चल्दै ज्ञानमाला संघको तर्फबाट एकजनालाई शुभेच्छा प्रकट गर्न बोलाउने कार्यक्रम हुँदा उद्घोषकले बोलाउन छुटाइदिएछ भन्ने प्रशंग संगसंगै यस्ता सामूहिक सभाहरूमा शील प्रार्थना गर्दा आईपर्ने अप्ठेराहरु बारे पनि कुरा उठ्यो। यो प्रशंग उठ्दा मैले भनें– कार्यक्रम शुरु हुनु अगाडि उसमले सपथग्रहण कार्यक्रम राख्ने तयारी अनुसार सपथ तयार गरेर ल्याएको देखाउदै थियो। देखावा रूपमा सपथ खाएको नक्कल देखाउनु भन्दा इमान्दारी साथ पञ्चशील नै पालना गर्न सकियो भने यही नै बौद्ध संस्थाहरू उचित हुने सल्लाह मैले दिएँ। यसबारेमा केही दिन अगाडिको बैठकमा मैले के पनि सुझाव दिएको थिएँ भने–सामूहिक कार्यक्रममा बाहिर संघ संस्था तथा पृथक सम्प्रदायमा आस्था राख्ने व्यक्तिहरूको उपस्थिति हुने हुन्छ। त्यस्तो उपस्थितिमा सामूहिक रूपमा पञ्चशील ग्रहण गर्न अनुरोध गरिंदा वा भन्तेहरूबाट पञ्चशील प्रदान गरिंदा कतिपयले पञ्चशील अन्तर्गतका पाली वाक्यहरु बुझ्न नसक्दा वा सम्प्रदायगत संकोचको कारण कतिपयलाई अप्ठेरो स्थिति पर्न सक्ने हुन्छ। तसर्थ यो पञ्चशील ग्रहण गर्ने काम नै सपथको रूपमा युवा बौद्ध संघको पदस्थापित सदस्यहरूको समूहमात्र सीमित गराइएको खण्डमा पञ्चशीलको महत्तव पनि बढ्ने र अरू सहभागीहरुले पनि अप्ठेरो महशुस गर्नु नपर्ने। यसो गर्न राम्रो होला। मेरो यस सुझावलाइ त्यसबेलाका सहभागी युवाहरूले यसै गर्नु उचित होला भनेर सहमती जनाएका थिए तर कार्यक्रममा सामूहिक रूपमा शील प्रार्थना गरिंदा कसैले हात जोड्ने कसैले हात नजोड्ने कसैले वाक्य उच्चारण गर्ने कसैले नगर्ने


Downloaded from http://www.dhamma.digital

देख्दा केही अप्ठेरो अवश्य देखा पऱ्यो । यो एउटा कमजोरी अवश्य देखा पर्न गयो ।

मेरो कुरा सकिएको पनि थिएन मेरी बुढीले भनीहाली– जे भएपनि आफ्ना वरपरका सबैले हात जोडे पछि त जोड्नु नै राम्रो हुन्छ नि । त्यत्ति हात जोड्दैमा के हुन्छ र ? उसको जिज्ञासा मेटाउने कोशिस गर्दै मैले भने-त्यो तिम्रो सोचाइको कुरा भयो । तिमीले जे सोचेका छौ सम्झेका छौं । सबैले त्यही सोच्नु पर्छ वा त्यसरी नै सम्झनु पर्छ भन्नु त छैन नि । दोस्रो कुरो त आफ्ना वरपरकाले जे गरेका छन् जसो गरेका छन् त्यसै गर्नु पर्छ भन्नु पनि राम्रो कुरा होइन । मान्छेले वरपरकालाई हेरेर होइन आफूले जे जानेको छ बुझेको छ त्यही अनुरूप गर्नु राम्रो हुन्छ । कोही आँखा चिम्लेर बसिरहेको छ भन्दैमा कुरै नबुझि आँखा चिम्लेर बस्नुले के फाइदा हुन्छ ? वरपरकाहरूले मज्जाले हाँसिरहेका छन् भन्दैमा आफूले कुरै नबुझी वा मनमा हाँसो नै नउठी जबरजस्ती हाँस्नुमा के मज्जा ? त्यसैले 'बुढी' मैले मेरी बुढी (श्रीमती) तिर हेर्दै भने–अरूले जे गऱ्यो त्यता तिर होइन आफूले के गर्नुपर्ने हो त्यतातिर मान्छेले दृष्टि पुऱ्याउनु पर्दछ । त्यही भएर भगवान बुद्धले भन्नु भएको– "अत्तदिपा भवथ भिख्खवे !, अत्तसरणा अनञ्ञ सरणा" मैले भनेको कुरा तिमीले बुझ्यौ ?

उसले अलि झोक्किए झैं गरी भनी- मैले के बुझ्नु नि ! आफूले बुझ्ने गरी भन्नु नि ।" बुढीको कुरा सुनेर दायाँ बायाँका भाईहरू हाँसे । मैले पनि बुद्धवचनलाई प्रष्ट्याउने प्रयास गर्दै भनें- 'अत्तदिपा भवथ भिख्खवे ! अत्तसरणा अनञ्ञ सरणा' भनेको "हे भिक्षुहरू ! आफ्नो दीप आफै बन आफ्नै शरणमा आफू जाउ अरू कसैको शरणमा होईन" भनेको । यो भनाइको मतलब के हो भने हामी जो बौद्ध र बौद्धमार्गी भनेर हिंडेका छौं हामीले अरूले के गऱ्यो गरेन कस्तो गर्छ गर्दैन भन्ने तिर होइन आफैले आफूलाई के गरिरहेछ के भैरहेछ भनेर हेर्ने र आफ्नै तर्फबाट आफूबाट हुने र भएका भूलहरू सुधारगर्दै जाने हो । यही नै आफ्नो शरणमा आफै जाने भनिएको हो ।"

यतिन्जेल जीवनले ढोका सबै बन्द गरिसकेको थियो संदेशले केमराहरू सबै झोलामा प्याक गरिसकेको थियो । बुढीले पनि हराहिसाव तयार गरी नोट पोको-पारी सकेकी थिई । यो देखेर त्यो आजलाई विश्वानन्द भन्नेको धर्म देशना यत्ति नै भनेर उठें । सबै हाँस्यो । एक एक गर्दै दुकानबाट बाहिरियौं ।

अरुहरुले निन्दा गर्दैमा हीन हुने हो भने त कुनै पनि मत श्रेष्ठ हुने छैन । सबैले आ–आफ्नो मत हित र अन्य मत हीन भन्दछन् ।

– बुद्ध (महा विमूहसूत्र)



Downloaded from http://www.dhamma.digital

# अछूतबाट उब्जेको शुद्ध नेता: डा. अम्बेडकर

– जय प्रकाश कर्दम

महाराष्ट्रमा एउटा गाउँ छ । अम्बाबडे–यही गाउँमा रहने गर्थ्यो रामजी सकपाल । रामजी सेनामा सूबेदार थियो । उनको जात 'महार' थियो । त्यतिखेर महार जात अछूतमा गनिन्थ्यो । उनको पत्नीको नाम थियो –भीमाबाई ।

१४ अप्रैल, सन १८९१ मा उनी महु छावनी (मध्ये प्रदेश) मा रहँदा एक बालकको जन्म भयो । यो उनको चौधौं सन्तान थियो । बालकको नाम भीमराव राखियो। ठलो भएपछि यही बालक 'भीमराव अम्बेडकर' को नामले प्रशिद्ध भयो । भीमराव जन्मेको तीनवर्ष पछि नै पिता रिटाएर भयो ६ वर्षको बालक कालमा नै आमाको देहान्त भयो ।

यो नवजागरणको काल थियो । देश अंग्रेजी शासनबाट मुक्त हुनको लागि छटपटाई रहेको थियो । जनतामा स्वतन्त्रताको भावना जगाउन शिक्षामा बढी जोड दिईरहेको थियो । अनेक सस्थाहरू खडा हुँदै थिए तर समाजमा उँचनीच र छूवा-छूत निरन्तर रहि नै रहेको थियो । सवर्ण जातिहरू दलित-अछूतहरू (अवर्ण) लाई घृणा गर्थे, छूनमात्र छोए पनि आफूलाई अपवित्र सम्झने गर्दथे । नवजागरणको यसकालमा पनि, जतिखेर सारा देश आपनो मतभेदलाई बिर्सेर एकजुट भइरहेको थियो, दलित वर्ग भने सामाजिक धाराबाट अलग नै थियो । उनीहरु प्रति समाजले घृणा र उपेक्षाको दृष्टिले हेर्ने गर्दथ्यो । शिक्षण संस्थानहरुमा पनि दलितहरूको लागि कुनै स्थान थिएन ।

यस किसिमको विषम परिस्थितिमा दलित बालकले पढ्न पाउने त कुरै थिएन । तर यो संयोगको कुरा थियो कि रामजी सकपाल सेनामा नोकरी गर्ने गर्थ्यो । यही कारणले उनको छोराले सैनिक स्कूलमा प्रवेश हुन पाएको थियो । तर अछूत हुनुको कारण भीमरावलाई कक्षाको अन्य विद्यार्थीहरुसँगै बसेर पढ्ने अनुमति थिएन, कोठा बाहिर सबैको जुत्ता राख्ने ठाउँमा बसेर पढ्नु पर्दथ्यो । स्कूलको पानीको भाँडो सम्म उसले छून पाउँदैनथ्यो ।

भीमराव अम्बेडकर बालक कालदेखि नै बडो प्रतिभाशाली थियो। सैनिक स्कूलबाट प्राथमिक शिक्षा प्राप्त भैसके पछि उसले गलफिस्टन हाईस्कूलमा प्रवेश पायो । सन् १९०८ मा अम्बेडकरले मेट्रिक परिक्षा पास गऱ्यो र १९१३ मा उसले बी. ए. गऱ्यो । त्यतिखेर बी. ए. पास गर्न सक्नु ठूलो उपलब्धी मानिन्थ्यो । त्यसमाथि पनि एक अछूत युवकले बी. ए. पास गर्नु एउटा गौरवको कुरा थियो । केवल तल्लो जातिहरुले मात्र होइन, प्रगतिशील विचारधारा का अन्य जातिहरुले पनि अम्बेडकरको सम्मान गऱ्यो । अम्बेडकरका पिताले आपना सबै बच्चाहरु मध्ये अम्बेडकरलाई बढी माया गर्ने मात्र होइन, उसको पढाई लिखाई सुचारु रुपले चलोस् भनेर पूरै मनोयोगदेखि जुट्ने गर्दथ्यो । तर सन् १९१३ मा पिता पनि अम्बेडकरलाई छोडेर अर्को लोकमा जानुभयो ।

आर्थिक बिपन्नताको कारणले अम्बेडकरलाई पढाई अघि बढाउन असम्भव हुँदै गयो । तर उच्च शिक्षा प्राप्त गर्न तथा समाजमा केही गरेर देखाउने उनको मनमा ठूलो प्रवल इच्छा थियो, उनी बडौदाको महाराज गायकबाहुको शरणमा गयो । महाराज गायकबाहुले अम्बेडकरको प्रतिभालाई चिन्न सक्या र



Downloaded from http://www.dhamma.digital

उनलाई उच्च अध्ययन गर्न अमेरिका पठाई दियो। त्यहाँ उनले अर्थ-शास्त्र, समाज-शास्त्र, इतिहास दर्शन-शास्त्र, मानवशास्त्र तथा राजनीति-शास्त्रको गम्भीर अध्ययन गऱ्यो र पी एच. डी. गर्न पनि सफल भयो। तर उनको ज्ञानको भोक अझपनि शान्त भैसकेको थिएन। पछि उनले इंगलैण्ड, जर्मनी आदि देशमा गएर अरू बढी अध्ययन गऱ्यो। उनले डि. लिट. डी. एस. सी. एल एल. डी. तथा बार एट ला जस्तो उपाधी प्राप्त गर्नुभयो। तथा बिश्वको एकमात्र योग्य बिद्वान भई छोड्यो मराठी उनको मातृभाषा थियो र अंग्रेजी भाषाको माध्यमबाट उनले शिक्षा हासिल गर्नुभएको थियो। यसैले यी दुई भाषामा उनको अधिकार थियो नै, यस अतिरिक्त उर्दु, फारसी, हिन्दू, पंजाबी आदि भाषाको ज्ञान पनि उनले प्राप्त गरेर छोड्यो। संस्कृत पढ्ने उनको प्रवल इच्छा थियो तर अछूत हुनुको कारण प्रवेश पाउन सकिएन। संस्कृत भाषाको ज्ञान प्राप्त गर्ने इच्छा उनको मनमा रहि नै रह्यो। र पछि बिना गुरू या अध्यापक आफ्नै स्वध्ययनले संस्कृत ज्ञान प्राप्त गरेर आकाँक्षा पूरा गरेरै छोड्यो।

सोह्र वर्षको अल्पायुमा नै उनको विहे भएको थियो। पत्नीको नाम रमा थियो। पछि एक छोरा पनि जन्म्यो जसको नाम यशवन्त राखियो।

डा. अम्बेडकर केही दिन बडौदा राज्यमा मिलिटरी सेक्रेटरी पनि हुनुभयो। तर यति ठूलो अफिसर भैसक्दा पनि उनी प्रति छूवा-छूतको व्यवहार घटेको थिएन। पियनलेसम्म पनि फाइल उनको हातमा नदिइ टाढाबाट फ्याँकि दिन्थ्यो। त्यसपछि उनले नोकरी छोडिदिनुभयो। पछि उनी बम्बईको सिडनहम कलेजमा प्रोफेसर पनि हुनुभयो तर नोकरीमा उनलाई सन्तोष मिलन।

दलितहरूको सामाजिक दशाबाट उनी अत्यन्त दु:खित हुनुहुन्थ्यो। उनले दलितहरूको उत्थानको लागि जेहाद शुरू गर्नुभयो। उनले बम्बईमा वकालत गर्न शुरू गर्नुभयो, त्यहा 'वहिस्कृत हितकारीणी सभा' को पनि स्थापना गर्नुभयो। दलितहरुमा जागृति ल्याउने उद्देश्यले उनले 'बहिस्कृत भारत' र पछि 'मूकनायक' नामक अखवार पनि निकाल्नु भयो।

१९२६ मा उनी बम्बई प्रेसीडेंसीको लेजिस्लेटिभ काउन्सिलको सदस्य पनि हुनु भयो। १९२८ मा उनी बम्बइको ल कलेजमा कानूनको प्रोफेसरमा नियुक्त हुनुभयो। पछि उनी यस कलेजको प्रिन्सिपल पनि हुनुभयो। तर आफ्नो यस जिम्मेवारीलाई निभाउँदै डा० अम्बेडकर दलितहरूको उत्थानको लागि निरन्तर संघर्ष गर्दै रहनुभयो। यतिबेर सम्ममा उनी दलितहरूको सर्वमान्य नेता भैसक्नु भएको थियो। १९३१-३२ मा लन्दनमा भएको गोलमेज सम्मेलन मा उनले दलितहरुको प्रतिनिधित्व गर्नुभयो। तथा उनीहरुको हितको खातिर आवाज बुलन्द गर्नुभयो।

१९३५ उनको पत्नी रमाबाईको मृत्यु भयो। यसले उनको जीवनमा एकातिर रिक्तताले छायो भने अर्कोतिर अरू बढी सशक्त भएर उनी कार्यमा जुट्नु भयो। १९३६ मा उनले 'इण्डियन लेवर पार्टी' को स्थापना गर्नुभयो र१९३७ मा बम्बईको लेजिस्लेटिभ असेम्बलीको सदस्य निर्वाचित हुनुभयो। १९४२ मा उनले 'आल इण्डिया शेड्यूल्ड कास्टस फेडरेशन' को स्थापना गर्नुभयो तथा त्यही वर्ष नै भारतको गवर्नर जनरलको कार्यकारिणी परिषदको लेबर सदस्य पनि हुनुहुन्थ्यो।

डा० अम्बेडकरले यो कुराको राम्रो महशुस गर्नुभयो कि दलितहरू पिछडिनुको मूल कारण उनीहरुमा शिक्षाको अभाव हो दलितलाई शिक्षित गुराउने उद्देश्यले उनले १९४६ मा बम्बईमा सिद्धार्थ कलेज



Downloaded from http://www.dhamma.digital

को स्थापना गर्नुभयो ।

एकातिर जहाँ देशका समस्त देशवासीहरू तथा नेताहरू देशलाई स्वतन्त्र तुल्याउन संघर्ष गरिरहेका थिए भने अर्कोतिर डा० अम्बेडकर एक्लै देश स्वतन्त्र तुल्याउनुको साथै दलितहरूको स्वतन्त्रताको लागि जुक्तिरहनु भएको थियो । उनी मान्नु हुन्थ्यो मनुष्यले मनुष्यलाई स्वतन्त्र गर्न नसकेसम्म देश स्वतन्त्र हुनुको कुनै मूल्य छैन । उनी बाहुन हुन्थ्यो कि मनुष्य मनुष्य बीच छूवा-छूत उँच-नीच तथा सवर्ग-अवर्णको भेदभाव नहोस्, सब एक अर्कासँग मिलीजुली रहोस्। आफ्नो बैचारिक मतभेदको कारणले नै अन्य नेताहरूसंग डा० अम्बेडकरको कहिल्यै मेल भएन ।तर उनको ज्ञान र योग्यताको कदर भने सबै ठाउँमा हुन्थ्यो। उनको योग्यताकै परिणामले स्वतन्त्रता पछि देशमा जब पहिलो सरकार बन्यो गैर-कांग्रेसी भएर पनि डा. अम्बेडकरलाई नै भारतको पहिलो कानून मन्त्री बनायो ।

यसै बीच डा० अम्बेडकरको 'शारदा कवीर' नामको एक डाक्टरसंग परिचय भयो र १४ अप्रैल, १९४८ मा उनले शारदा कवीरसंग विवाह गर्नुभयो। पछि शारदा कवीरले आफ्नो नाम फेरेर सविता अम्बेडकर' राखिन्

डा० अम्बेडकर भारतको संविधानसभा को सदस्य तथा संविधान निर्माण सभाको अध्यक्ष भयो। यो भन्नु बढी उचित हुने कि भारतीय संविधानको रचना डा० अम्बेडकरले नै गर्नुभएको थियो। राष्ट्रको हितमा यो उनको महान् योगदान थियो ।.

दलितहरुलाई शिक्षित गर्ने उद्देश्यले १९५० मा उनले औरंगाबाद (महाराष्ट्र) मा मिलिन्द कलेजको र फेरि १९५६ मा सिद्धार्थ कलजको स्थापना गर्नुभयो । पिपुल्स एजुकेशन सोसाइटीको स्थापना पनि डा० अम्बेडकरले गर्नुभएको थियो।

डा० अम्बेडकरले अनेक विषयमा अनेक ग्रन्थहरु लेख्नु भयो उनको पुस्तकहरुमा रुपियाँको समस्या ब्रिटीस भारतमा प्रान्तिय अर्थ व्यवस्थाको विकास जातिवादको उन्मूलन, फेडेरेशन विरुद्ध फ्रीडम, थाट्स अन पाकिस्तान, रानाडे, गाँधी र जिन्नाह, कांग्रेस र गाँधीले अछूतहरुको लागि के के गर्‍यो, शुद्र को थियो ?' अछूत तथा भगवान बुद्ध र उनको धर्म आदि प्रमुख छन् ।

डा० अम्बेडकरले जीवनभर शोषण, र असमानताको विरुद्धमा संघर्ष गर्नुभयो । यी खराबीहरुको जन्म दिने अथवा यसलाई बढावा दिने हर व्यवस्थाको विरुद्ध उनले टक्कर लिनुभयो । उनले यस कुराको राम्रैसँग अनुभव गर्नुभयो कि हिन्दू समाजमा वर्ग र जाति, सर्वोपरी छ । मनुष्यको गुण, कर्म र उसको सुन्दरताको कुनै महत्व छैन । उनले हिन्दू धर्मको यस व्यवस्थामा सुधारको लागि प्रयास गर्नु भयो । तर जब उनले देख्नु भयो हिन्दू धर्मको यस व्यवस्थामा परिवर्तन हुन सक्दैन त उनले १९३५ मा हिन्दू धर्म छोड्ने घोषणा गर्नुभयो । २० वर्ष भन्दा पनि समयसम्म उहाँले दुनियाँका सबै धर्महरु का अध्ययन गर्नुभयो । बौद्ध धर्मले उहाँलाई बढी प्रभावित गर्‍यो र आखिरमा १४ अक्टूबर १९५६ का दिन आफ्नो लाखौं अनुयायीहरुसंग उहाँले बौद्ध धर्मको दीक्षा ग्रहण गर्नुभयो। भारत मात्र होईन बाल्कि विश्वकै सांस्कृतिक इतिहासको यो एक महान् घट्ना थियो ।

उनले भारतीय रिपब्लिकन पार्टी तथा भारतीय बौद्ध महा सभाको स्थापना गर्नुभयो। कोलम्बो (श्रीलंका), रंगून (बर्मा) तथा काठमाडौं (नेपाल) को वर्ल्ड बुद्धिष्ठ कान्फ्रेन्समा भारतको प्रतिनिधित्व गर्नुभयो। यसको अलवा बौद्ध धर्मको लागि उहाँले अरु पनि थुप्रै कार्यहरु गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

आफ्नो कार्य तथा विचारद्वारा डा० अम्बेडकर ले मानवता तथा बौद्ध धर्मको जुन सेवा गर्नुभयो त्यो महान् छ । उनका सेवाहरु तथा कार्यहरूलाई देखेर वर्ल्ड बुद्धिष्ट कान्फ्रेन्सद्वारा उहाँलाई 'बोधिसत्व' को उपाधिद्वारा सम्मानित गरियो । उहाँका अनुयायीहरु सम्मानसाथ उहाँलाई 'बाबा साहेब' भन्ने गर्दथ्यो ।

६ दिसम्बर १९५६ का दिन दिल्लीमा उनको परिनिर्वाण (निधन) भयो । पूरा राजकीय सम्मान का साथ तथा बौद्ध मन्त्रको उच्चारण संग-सगै उहाँको अन्तिम संस्कार गरियो । उहाँको शव यात्रा कयौं किलोमिटर लामो थियो र उक्त यात्रामा कयौं लाख मानिसहरुले भाग लिएका थिए । यति लामो शव-यात्रा पहिले कसैको देखिएको थिएन । भारत सरकार द्वारा उनको सम्मानमा देशको झण्डा आधा झुकाइयो र एक सप्ताहसम्म राष्ट्रिय शोक मनाइयो ।

"त्यसवखत भारतको प्रधान मन्त्री श्री जवाहर लाल नेहरुले डा० अम्बेडकरको मृत्युमा भन्नु भयो, डा० अम्बेडकर सामाजिक खराबीहरुको बिरुद्धमा संघर्षको प्रतीक थिए । उनले खराबीहरुको विरुद्ध मा सघर्ष गर्नुभयो जसको विरुद्ध हर भारतवासीहरुले संघर्ष गर्नु पर्ने थियो ।"

हाले मात्र डा० अम्बेडकरको ९९ औं जन्म दिवसको अवसरमा भारत सरकारले उनलाई सर्वोच्च राष्ट्रिय सम्मान 'भारत-रत्न' द्वारा सम्मानित गरेका छन् । भारतको सामाजिक, राजनैतिक र सांस्कृतिक विकासमा डा० अम्बेडकरको योगदानलाई बिर्सन सक्ने छैन । इतिहासमा उनको नाम सदैव अमर रहने छ। ★

---


नमो तस्स भगवतो अरहतो सम्मा सम्बुध्दस्स ।

**अहिंसा पर्व २०५३ को**

**उपलक्ष्यमा सबै प्राणीहरु प्रति मैत्री करुणा भाव जागोस भनी मंगलमय**

**शुभ–कामना**

**सुवर्ण आभूषण**

(विजया अहिंसा पर्व-२०५३)

फोन : २२३२५

---

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुध्दस्स ।

**अहिंसा पर्व विजया दशमी २०५३ को**

**पुनित अवसरमा सबै मानिसहरु चतुर ब्रह्म विहारी होउन ।**

**बुद्धाचार्य गहना गृह**

मोहरियाटोल, संगम चोक
पोखरा-१
फोन : २०२४२
२३९२१


---




Downloaded from http://www.dhamma.digital

## शुभ – कामना

*सुवर्ण वज्राचार्य

मन मन्दिरको भक्ति भावले
अरपण छ शुभ – कामना
विश्व भरीका प्राणीहरुमा
हरपल छ शुभकातना ।

सुनको धरती चाँदीको पर्वत
अमृतका यि नदी
मुस्काईरहनु अनन्त जगमा
शान्तिको रत्न जडी ।

निलो गगनको निर्मल सागर
शीतल छरछर छम्किरहोस्,
ताराहरुले ज्ञानको ज्योति
बालेर चमचम चम्किरहोस् ।

प्राणीहरूमा स्नेहको भाव
जुगजुग सम्म जागिरहोस,
धरतीको माया गर्नमा मानव
युगयुग सम्म लागिरहोस ।

---


नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स !

**अहिंसा पर्व विजया दशमी २०५३ को**

**शुभ उपलक्ष्यमा सबैमा सुख, शान्ति, समृद्धि तथा सद्भाव**

र

**कार्य कुसलताको वृद्धिको मंगलमय**

**शुभ–कामना**

**स्वराज गहना सुन चाँदी दुकान**

फोन : २३३३७ मोहरिया टोल, संगम चोक पोखरा–१

---

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुध्दस्स

**अहिंसा पर्व २०५३ को**

**पुनित अवसरमा सबै सत्व प्राणी निरापद तथा बैर रहित होस भनी**

**मंगलमय कामना**

**श्रृंखला आभूषण**

विन्दुबासिनी, पोखरा





Downloaded from http://www.dhamma.digital

# बौद्धहरुद्वारा चिन्ता व्यक्त

पोखरा/ यहाँका बौद्ध संघसंस्थाहरूले हालै लुम्बिनीको महिलवारमा अवस्थित भगवान बुद्धको मूर्तिमाथि लुम्बिनी विकास कोषका दुई जना कर्मचारीहरूले अभद्र व्यवहार गरेकोमा तिव्र प्रतिक्रिया व्यक्त गरेको छ ।

ती संघसंस्थाका तर्फबाट धर्मशीला बुद्ध विहार, दायक सभाका अध्यक्ष तिलकमान गुभाजूद्वारा एक प्रेस विज्ञप्ति पनि जारी गरिएको छ । उक्त प्रेस विज्ञप्ति सर्व साधारणको जानकारीको लागि यहाँ प्रकाशित गरिएको छ ।

लुम्बिनीको महिलवारमा प्रतिष्ठापित भगवान गौतम बुद्धको मूर्तिमाथि स्वयं लुम्बिनी विकास कोषका कर्मचारीहरू–केदार नेपाल र कपिल भट्टराइले भाद्र १२ गते मादक पदार्थ सेवन गरेर अभद्र व्यवहार गरेको र त्यस्ता अभद्र व्यवहार गर्ने कर्मचारीहरुलाई कार्यबाही गरियोस भनेर माग गर्दा पनि आज तक केही कार्यवाही नगरिएको सम्बन्धमा हालै धर्मशीला बुद्ध विहार पोखरामा बसेको यहाँका बौद्ध संघ सस्थाका प्रतिनिधिहरुको भेलाले गहिरो चिन्ता प्रकट गरेको छ ।

भिक्षु श्रद्धानन्दको सभापतित्वमा भएको उक्त भेलाले लुम्बिनी विकास कोषमा कार्यरत कर्मचारीहरूबाट नै बुद्ध धर्मप्रति अनास्था जगाउने र बुद्ध प्रति अपमान जनक व्यवहार गरिन्छन् भने त्यस्ता पूर्वाग्रही र दुस्प्रवृतिका व्यक्तिहरूबाट लुम्बिनी विकास नै कसरी संभव होला, त्यो बडोसोचनीय कुरा छ । लुम्बिनीको निर्माण कार्यमा जुटेका स्वदेशी एवं विदेशीहरु त्यस्ता व्यक्तिहरूबाट सधैं पीडित छन् । त्यस्ताहरूको रवैयालेगर्दा गर्दा लुम्बिनी विकासले अपेक्षित गति लिन सकेको छैन । जसलाई जुन आदर्श सिद्धान्त र धर्ममा विश्वास छेन त्यस्ताहरुलाई त्यस्तो ठाउँमा राखेर विकास हुन्छ भन्नु दिवा–स्वप्न जस्तै हो । महिलवारमा भएको त्यो निन्दनीय घटनाले धेरै कुराको पर्दाफास गरेको छ र त्यस्तो घटना प्रति बौध्दहरू सजग र सतर्क हुनुपर्दछ ।

लुम्बिनी विकास कोषका ती कर्मचारीहरुमाथि कडा कार्यवाही नगरी काठमाण्डूमा लगेर राख्नु अपराधलाई प्रश्रय दिनु हो । धर्मोदय सभा कास्की, बौद्ध अर्घौ सदन, युवा बौद्ध संघ, सद्धर्म सभा, ध्ये धिङ लिङ गोम्बा, दीप, मैत्री संघ तथा धर्मशीला बुद्ध विहार स्थित महिला उपासिका संघ, ज्ञानमाला संघ र दायक सभाको यस भेलाले अपराधीहरुमाथि छिटो कार्वाही गरियोस् र आयन्दा यस्तो घटना नदोहोरियोस् भनेर माँग गरेको छ ।

*

---

**त्यही कुरो बोल्नु पर्छ जसबाट आफूलाई सन्ताप नहोस् । यहो नै सुभाषित वाक्य हो ।**

**–बुद्ध (सुभाषित सूत्र**

---



Downloaded from http://www.dhamma.digital

# युवा बौद्ध संघको पदस्थापन कार्यक्रम

धर्मशीला वुद्ध विहार नदीपुरमा २०५२ श्रावण २० गते गठन भएको युवा वौद्ध संघले विधिवत रुपमा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएपछि विधान अनुरुप निर्वाचित पदाधिकारीहरु र सदस्यहरुको कार्यक्रम थकाली समाज नदीपुरमा भव्यताकासाथ सम्पन्न गऱ्यो। २०५३ भाद्र १५ गते सम्पन्न भएको उक्त कार्यक्रममा प्रमुख अतिथि पोखरा उप-महानगरपालिकाका प्रमुख भोलाथापा हुनुहुथ्यो।

उक्त कार्यक्रममा बिभिन्न धार्मिक तथा सामाजिक संघ संस्था, स्थानीय समाजसेवी, पत्रकार तथा ठूलो संख्यामा उपासक उपासिकाहरुको उपस्थिति रहेको थियो। श्रद्धेय भिक्षु श्रद्धानन्दज्यूले पञ्चशील प्रदान गर्नु भएपछि शुभारम्भ भएको सो कार्यक्रममा पदस्थापन पद_समितिका सयाजक प्रकाश पालिखेले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो। त्यसपछि संघका सचिव मुक्तिश्वर मल्लले युवा वौद्ध संघले गत वर्ष गरेका विभिन्न कृयाकलापहरुका प्रतिवेदन पढेर सुनाउनु भएको थियो। कोषाध्यक्ष विक्रम वुद्धाचार्यले २०५२ श्रावण २० देखि २०५३ भाद्र १४ गतेसम्मको संघको आय व्यय विवरण पढेर सुनाउनुभयो। प्रतिवेदन प्रस्तुत गरिसके पछि बिभिन्न सघ संस्था प्रतिनिधिहरुले शुभकामना व्यक्त गर्नु भएको थियो। शुभ-कामना मन्तव्य व्यक्त गर्ने क्रममा पो. उ. म. न. पा. का उप-प्रमुख नरेश शंकर पालिखेले हिंसा, आतंक, लागूपदार्थ दुरव्यसनको प्रभावमा परेका समाजको मूल शक्ति विश्रृङ्खलित भइरहेको अवस्थामा पोखरामा युवाहरुको यस्तो संघ स्थापना हुनु निश्चय नै समाजलाई विकृतिबाट बचाउने एउटा आशाको किरण देखा परेको बताउनुभयो। सनातन धर्म सेवा समितिका अध्यक्ष रविन्द्र माकाजुले भगवानवुद्धको करुणा मैत्री तथा अहिंसाको सन्देश जनमानसमा पुऱ्याउनु पर्छ भन्नुभयो। नेपाल, जापान मैत्री तथा सांस्कृतिक संघ कास्कीका अध्यक्ष आनन्द राज मुल्मीन निरामा र हिंनताबाधले राष्ट्र अगाडी बढ्न नसक्ने कुरा बताउँदै सत्मार्ग र सत्कार्यमा लाग्नु आजको आवश्यकता हो भन्नुभयो। पो. उ. बा. संघका अध्यक्ष अशोक पालिखेले युवा वौद्ध संघले एक वर्षमा छोटो अवधिमा पनि धार्मिक कार्यमा मात्र सिमित नभएर अन्य समाज उपयोगी क्रियाकलाप गर्न सफल भएको र आगामी दिनमा पनि यस्तै तालमेल मिलाएर संघ अगाडी बढ्न सकोस् भन्नुभयो। धर्मोदय सभाका केन्द्रीय सदस्य तथा यूवा वौद्द संघका सल्लाहाकार प्रकाश मान गुभाजूले वढी से बढी युवा शक्तिलाई सुमार्ग र सृजनात्मक क्षेत्रमा लगाउन संघका कार्यकर्ताहरूलाई सुझाव दिनुभयो। श्रद्धेय भिक्षु श्रद्धानन्दज्यूले वुद्धले दिनुभएको उपदेश शील, समाधि प्रज्ञालाई अंगाली अप्रमादी भइ होस्। अकुशल कर्मलाई त्यागेर कुसल कर्महरू गर्दै गएमा यु. वौ. संघले पनि अवश्य समाजमा राम्रो पहिचान वनाउन सक्ने छ भन्नुभयो। धर्मोदय सभा कास्कीका अध्यक्ष विलवहादुर गुरुङ्गले धार्मिक सद्भावना र सहीष्णुता नेपालीको चारित्रिक विशेषता हो भन्नुभयो। कार्यक्रमको अन्तिम चरणमा प्रमुख अतिथिको आसनबाट पो. उ. म. न. पा. का प्रमुख भोला थापाले पोखरामा वुद्ध धर्म सम्वन्धी अध्ययन अनुसन्धानको लागि पुस्तकालयको आवश्यकता महशुस भएको र यु. बौ संघले यसबारे कदम चालेमा सक्दो सहयोग गर्ने तथा प्रत्येक युवाहरुले वुद्ध धर्म र दर्शन सम्वन्धी पुस्तकहरु बढी से बढी संकलन तथा अध्ययन गर्न प्रोत्साहीत गर्नु भयो।

त्यसपछि कार्यक्रमको अन्तमा पदस्थापन कार्यक्रमका सभापति तथा यु. बौ. संघका अध्यक्ष उत्तम मान वुद्धाचार्यले यू. बौ. संघको नयाँ कार्यसमितिले दुइ वर्षको आगामी कार्यकालमा वुद्ध धम सम्वन्धी विभिन्न विषयमा गोष्ठी समसामयिक विषयमा तालीम वृक्षारोपण, रक्तदान, वक्तित्वकला, प्रतियोगिता, मैत्रि तथा अवलोकन भ्रमण, स्मारिका प्रकाशन परियत्ति शिक्षाको लागि पूर्वाधार तयार गर्ने आदि योजना रखेको जानकारी दिनुभयो। ★



Downloaded from http://www.dhamma.digital

# सुगन्ध विहार रिडी बजार

लुम्बिनी अञ्चल गुल्मी जिल्लाको रिडी बजारमा स्थित सुगन्ध विहार रिडीमा यही जेष्ठ १९ गतेदेखि बौद्ध परियत्ति शिक्षा (स्कूल) को संचालन भैरहेको छ। सामूदायिक सेवा समिति, सु-गन्ध विहारका वरिष्ठ सदस्य श्री पद्मवन श्रेष्ठले सो परियत्ति शिक्षा-को एक समारोहका वीच उद्‌घाटन गर्नु भएको थियो। बुद्ध धर्म संघ, रिडीका कोषाध्यक्ष श्रीमती प्रेमलक्ष्मी वजिमयले बौद्ध परियत्ति शिक्षाको महत्त्व माथि प्रकाश पार्नु भएको थियो। कार्यक्रमको संचालन ज्ञानमाला संग रिडीका अध्यक्ष तथा बुद्ध धर्म संघका सचिव श्री सुवर्णलाल कक्षपतिज्यूले गर्नुभएको थियो।

परियत्ति शिक्षामा हालसम्म २० जना विद्यार्थी-हरूले अध्ययन गर्दैछन्। यसको वार्षिक परिक्षा प्रत्येक वर्षको माघ महिनामा परिक्षा नियन्त्रण कार्यालय, पटनाको नियन्त्रणमा हुने गर्दछ। र त्यस बौद्ध परियत्ति शिक्षाको अध्यापन ज्ञानमाला संघका अध्यक्ष श्री सुवर्णलाल कक्षपति र सचिव श्री दिपेन्द्र कुमार बजि-मयबाट प्रत्येक हप्ताको शनिबार विहान ७ बजे देखि १० बजे सम्म विभिन्न कार्यक्रम पञ्चशील, बुद्ध पूजा, ज्ञानमाला भजन पछि ९ बजेदेखि १० बजेसम्म परियत्ती शिक्षाको कक्ष संचालन हुने गर्दछ। यसै बिच पञ्चशील सबैले लिईसकेपछि १५ मिनेट सम्म विपश्य-या ध्यान गर्ने कार्यक्रम पनि भै रहेको छ। ध्यान गर्ने महानुभाववरूको उपस्थिति क्रमश: बढ्दै गइ-रहेको छ। प्रत्येक महिनाको पूर्णिमाको दिनमा पनि यस विहारमा उपासक उपाशिकाहरूद्वारा शील प्रार्थना बुद्ध पूजा, बुद्ध भजन गर्ने कार्यक्रम रही आएको छ। यी सम्पूर्ण कार्यक्रमहरुको नेतृत्व बुद्ध धर्म संघका अध्यक्ष एव संस्थापिका श्रीमती भुवनमाया यौंछे—ज्यूले गरिरहनु भएको छ।

**दिपेन्द्र कुमार वजिमय**
गुल्मी

卐


नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स।

## अहिंसा पर्व विजया दशमी २०५३ को
## मंगलमय शुभ-कामना

**सर्बे मानिसहरुमा अप्रमादद्वारा प्रमाद नाश गरी अमृतपद प्राप्त गरून्।**

**स्वर्णिम ज्वेलर्स**
**सन्तमान एण्ड सन्स**
मोहरियाटोल, पोखरा
फोन नं. २३३३८


Downloaded from http://www.dhamma.digital

इ. द. नं ३३/०५२/०५४     का. जि. द. नं. २१/०५२/५३

# बाग्लुङमा धर्मचक्र प्रवर्तन दिवस

**१५ साउन, बग्लुङ**

ज्ञानमाला सघ तथा उपासिका संघ ज्ञानोदय बुद्ध विहार बाग्लुङको आयोजनामा पहिलो पटक बाग्लुङमा आषाढ पूर्णिमालाई धर्म चक्र प्रवर्तन दिवस मनाईयो। पोखराबाट पाल्नुभएका श्रद्धेय भिक्षु श्रद्धानन्दज्यूबाट पञ्चशील ग्रहण गरे पछि प्रारम्भ भएको उक्त कार्यक्रममा उपस्थित उपासक उपासिकाहरुलाई भन्तेबाट धर्मदेशना भएको थियो। धर्मदेशना को क्रममा वहाँले आषाढ पूर्णिमाको दिनलाई धर्मचक्र प्रवर्तन दिवस भनिनुको अर्थसहित भगवान गौतम बुध्दले पहिलो पटक प्राणी मात्रको भलाइ र कल्याणको लागि अववोध गराउनु भएको प्रमुख दुई अतितलाई छोडेर अपनाइएको मध्यम मार्ग, चार आर्य सत्य र दुःख निवारणको लागि देखाउनु भएको आठ आर्य अष्टाङ्गिक मार्ग र तिनका मार्गफल बारे देशना गर्नु भयो।

पोखराबाट आउनुभएका अर्का वक्ता विश्व शाक्यले आषाढ पूर्णिमाको महत्व र यसमा निहीत प्रमुख पाँच संयोगहरु बारे चर्चा गर्नु भयो। कार्यक्रममा वर्षावासका लागि बाग्लुङ आउनु भएकी गुरुमाँ धम्मदिन्नाको पनि उपस्थित थियो।

यस कार्यक्रमको अध्यक्षता ज्ञानमाला संघ ज्ञानोदय विहार बाग्लुङका उपाध्यक्ष शरणलाल शाक्यज्यूले गर्नुभएको थियो भने सहभागीहरुलाई स्वागत तथा धन्यवाद ज्ञापन पनि गर्नु भएको थियो।

ज्ञानोदय बुद्ध विहारका संरक्षक रामलाल श्रेष्ठले आफैले रचना गर्नु भएको ज्ञानमाला भजन गाउनु भएको थियो। कार्यक्रम ज्ञानमाला संघका सचिव मुकुन्द शाक्यले संचालन गर्नु भएको थियो।


नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स !

**अहिंसा पर्व विजया दशमी २०५३ को**

**शुभ-अवसरमा**

**सारा जगतका प्राणीहरुमा शान्ति, समृद्धिको मंगलमय**

**कामना !**

**पोखरा गहना पसल**

मोहरिया टोल, पोखरा



मुद्रक : अनुप प्रिन्टिङ्ग प्रेस, नयाँबजार फोन : २०२४६

कम्पोज :→ रामलाल श्रेष्ठ, गाउँशहर दरबार


Downloaded from http://www.dhamma.digital